# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


भावपूर्ण श्रद्धाञ्जली



स्व. भीमकुमारी राउत
जन्ममिति : वि.स. २०३६/०८/२२
निधन वि.सं. : ०७३/०९/२२

हाम्रो पत्रिका वर्गदृष्टि साप्ताहिकका सम्पादक इन्द्र राउतकी ममतामयी भाउजु **भिमकुमारी राउत**को यही २०७३ पुस २२ गते शुक्रबार साँझ दुर्घटनामा परी असामयिक निधन भएकोमा गहिरो दुःख व्यक्त गर्दै **दिवंगत भिमकुमारीप्रति हार्दिक श्रद्धाञ्जली** व्यक्त गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**वर्गदृष्टि साप्ताहिक परिवार**


वर्ष १  अङ्क २७  २०७३ पुस २५ गते सोमबार  Monday, Jan 9, 2017  पृष्ठ ८  मूल्य रु. १०|-


## अख्तियारप्रमुख कार्कीलाई पदमुक्त गर्न सर्वोच्चको आदेश



**काठमाडौं** : अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमान सिंह कार्की पदमुक्त भएका छन् । सर्वोच्च अदालतले अख्तियार प्रमुख कार्कीलाई पदमुक्त गर्ने फैसला सुनाएको हो ।

न्यायाधीशत्रय ईश्वरप्रसाद खतिवडा, आनन्दमोहन भट्टराई, अनिलकुमार सिन्हाको संयुक्त इजलासले आइतबार अख्तियार प्रमुखमा नियुक्तिका लागि लोकमान सिंह कार्कीको योग्यता नपुगेको ठहर गर्दै उनलाई पदमुक्त गर्ने फैसला सुनाएको हो ।

आदेशमा भनिएको छ, प्रचलित नेपालको अन्तरिम संविधानको धारा ११९ को उपधारा ५ को देहाय (ग) र (ङ) बमोजिम योग्यता नभएको व्यक्ति लोकमान सिंह कार्कीलाई अख्तियारको प्रमुख आयुक्त पदमा नियुक्त गर्ने गरी भएको सवैधानिक परिषद्को निर्णय, सो सिफारिस बमोजित ... बाँकी ८ पेजमा

## माथिल्लो कर्णालीबारे सुर्खेतमा विरोधसभा

# कच्चा पदार्थ बेच्नु भनेको देश बेच्नुसरह हो : प्रतिक

◆ **वर्गदृष्टि संवाददाता**/वीरेन्द्रनगर




सरकारले भारतीय बहुराष्ट्रिय कम्पनी जिएमआरसँग गरेको माथिल्लो कर्णाली जलविद्युत सम्झौताको विरोधमा तीन कम्युनिष्ट पार्टीले सुर्खेतमा विरोधसभा कार्यक्रम गरेका छन् ।

अन्तर्क्रिया कार्यक्रममा बोल्दै नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय कार्यलय सदस्य हरिभक्त कंडेल 'प्रतिक' ले पानी, बिजुली जस्ता वस्तु कच्चा पदार्थ भएको उल्लेख गर्दै कच्चा पदार्थ बेच्नु भनेको देश बेच्नु जत्तिकै राष्ट्रघाती भएको बताए । नेपालमा अहिले राष्ट्रियता इतिहासकै कमजोर अवस्थामा रहेको उल्लेख गर्दै उनले मुख्यगरी राष्ट्रियताको आन्दोलनलाई आन्तरिक र बाह्य दुवै क्षेत्रबाट अघि बढाउनुपर्नेमा जोड दिए ।

नेपाल पुँजीवादी प्रभावबाट उदारिकण र निजीकरणको दिशामा गएको उल्लेख गर्दै उनले यसले देशको समग्र विकास प्रक्रियालाई नै अवरोध गरिरहेको बताए । उनले भने, 'क्रान्तिकारी कम्युनिष्टहरु राष्ट्रवादी हुन्छन्, तर नामधारी कम्युनिष्टहरु राष्ट्रघाती र दलाल हुने भएका कारण अहिले उनीहरु राष्ट्रको उन्नति प्रगतिको बाधक बन्दै विदेशी शक्तिकेन्द्रको इशारामा नाच्ने गरेका छन् । यसले झनै राष्ट्रियतालाई कमजोर पारिरहेको छ ।'

नेपालमा नै कम्युनिष्ट पार्टीहरु सरकारमा गएका बेला एउटा र सरकारबाहिर रहेका समयमा अर्को गरी दोहोरो चरित्र देखाउने गरेको उल्लेख गर्दै उनले त्यसलाई कम्युनिष्ट पार्टीले नसच्याएसम्म अघि बढ्न कठिन हुने बताए । 'कम्युनिष्ट पार्टीमा अर्को मुख्य समस्याका रुपमा संकीर्ण सोच पनि देखिने गरेको छ । यसैका कारण कम्युनिष्ट पार्टीमा बेलाबेलामा विभाजन आउने गरेको छ', उनले भने, 'कम्तीमा पनि एकै ठाउँमा बसेर संघर्ष गर्न सक्ने अवस्थासम्म पार्टीलाई फुट्न दिनु हुँदैन ।'

अहिले रुपमा देशमा गणतन्त्र आएपनि सारमा यो व्यवस्था दलाल, ... बाँकी ८ पेजमा

# संविधान कांग्रेसले नै खारेज गरिसक्यो : थापा

◆ **वर्गदृष्टि संवाददाता**/बुटवल

नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय कार्यालय सदस्य परि थापाले नेपाली काँग्रेसले नै संशोधन प्रस्ताव हालेर खारेज गरेको टिप्पणी गरेका छन् । संविधान जारी भएको केही समयमा नै काँग्रेसले संशोधन हाल्नु उत्कृष्ट भनिएको संविधानको बर्खिलाप भएको बताए ।

क्रान्तिकारी पत्रकार महासंघ, रुपन्देहीले बुटबलमा आयोजना गरेको पत्रकार सम्मेलनमा बोल्दै थापाले हतारमा जारी गरिएको संविधान जनताको पक्षमा नभएकाले खारेज गरेर जनसंविधान निर्माण गर्नुपर्नेमा जोड दिए ।

देशभक्त जनगणतान्त्रिक मोर्चा-नेपालका केन्द्रीय सचिव समेत रहेका नेता थापाले राष्ट्रियता संकटमा परेकाले त्यसको रक्षाका लागि क्रान्तिकारी माओवादीसहित तीन कम्युनिष्ट पार्टीबीच कार्यगत एकता भएको स्पष्ट पारे । संसदीय व्यवस्था मुल्यहीन बन्दैं गएकाले मुलुकमा भ्रष्ट्राचार संस्थागत बन्दैं गएको उनको भनाई थियो ।

दलका नेताहरुको आत्मसमपर्णबादी नीतिका कारण देश विदेशीको गोटी बनेको बताउँदै उनले राष्ट्रियताको रक्षाका लागि क्रान्तिकारी कम्युनिष्टहरुबीच ध्रुविकरण जरुरी रहेको उनको आरोप थियो । जात र धर्मको नाममा राजनीति गर्नु पाखण्डपन भएको उल्लेख गर्दै उनले आफूहरुले भनेजस्तो सबैलाई समेट्ने गरी पहिचान र सामर्थ्यका आधारमा नयाँ संघीय प्रदेशहरु निर्माण गर्नुपर्ने बताए ।

अहिले संसदवादी दलहरु देश र जनताको हित भन्दा पनि सरकार बनाउने र ढाल्ने खेलमा लागिरहेका कारण जनताको समस्या जहाँको त्यति रहेको उल्लेख गरे । सरकारमा पुग्ने शक्तिहरु जनतालाई कसरी सेवा सुविधा उपलब्ध गराउने भन्दा पनि मालिकको भक्तिगान कसले धेरै गाउने ... बाँकी ८ पेजमा

# पुन:निर्माणमा सरकारको असफलता

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

भूकम्प गएको डेढ वर्ष बढी हुँदा पनि भूकम्पपीडितको समेत ब्यवस्थापन गर्न नसकेको सरकारले आफ्नो असफलताको ढाल राष्ट्रिय पुनःनिर्माण प्राधिकरणका सीईओ सुशील ज्ञवालीलाई बनाएको छ । संसदवादी दलहरुले आपसी खिचातानीका कारण भूकम्प गएको महिनौं दिनसम्म पनि पुनःनिर्माण प्राधिकरणको सीईओ चयन गर्न सकेन । आफ्नो दलको नजिकको मान्छेलाई सीईओ बनाउने खेलमा संसदमा रहेका प्रमुख तीन दलका नेताहरुले रस्साकस्सी गरेका थिए ।

त्यही रस्साकस्सीकाबीच तत्कालिन कांग्रेस सभापति स्व.सुशील कोइराला नेतृत्वको सरकारले योजना आयोगका उपाध्यक्ष कांग्रेस निकटका गोबिन्दराज पोखरेललाई अन्य दलको सहमतिकाबीच २०७२ साउन २८ गते सीईओ नियुक्ति गरेका थिए । तर पोखरेललाई आपसी 'सिनाझम्टी'कै कारण काम गर्ने वातावरण बनेन ।

संसदमा ठूला भनिएका नेपाली कांग्रेस, एमाले र तत्कालिन एनेकपा माओवादीले भूकम्पपछिको पुनःनिर्माणमा भन्दा पनि सत्ताको खिचातानीमा वर्षौ विताए । कहिले आलोपालो सरकार बनाउने सहमति गर्ने कहिले सत्तामा आफू पुग्न लुछाचुडी गर्ने गरियो तर भूकम्पले पालमुनी बसेकाहरुकोबारेमा ध्यान दिइएन ।

आलोपालो प्रधानमन्त्री बन्ने हतारोमा जनयुद्ध लडेर आएको ठूलो हिस्सा संसद बाहिर रहेको तथा संसदभित्रै रहेका मधेसी जनजातिहरुलेसमेत स्वीकार नगरेको संविधान जारी गरियो । संविधान जारी भएपछि प्रधानमन्त्री भएका एमाले अध्यक्ष केपी शर्मा ओलीले प्राधिकरणका सिईओ पोखरेलका ठाउँमा आफ्नो पार्टीका मात्र नभई आफ्नो गुट नजिकका सुशील ज्ञवालीलाई २०७२ पुस १० गते नयाँ सीईओ नियुक्त गरेका थिए ।

प्रधानमन्त्री बन्ने फोहोरी खेल दलहरुको कायमै थियो । ओली नेतृत्वको सरकारमा रहेको माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बन्ने प्रलोभनमा एमालेको साथ छाडेर काग्रेसको काँध चढे । दोस्रो ... बाँकी ८ पेजमा

# वर्तमान संविधान : वाद, विवाद र संवाद



मोहन वैद्य 'किरण'

आज नेपाली राजनीतिमा वर्तमान संविधानको संशोधन र त्यसको विरोधमा संसदवादी पार्टीहरुका बिच गरमागरम वाद-विवाद चल्दै आएको छ । यस वाद विवादमा एकीकरण र ध्रुवीकरणको प्रक्रिया पनि अगाडि बढदै आएको छ । सदन, सडक, र सञ्चार सवै क्षेत्र तातिएका छन् । आखिर यस वाद-विवादको सारतत्व के हो ? नेपाली राजनीतिमा वास्तविक संवाद कसरी हुन सक्छ ? यी प्रश्नवारे छोटो चर्चा गर्न आवश्यक छ ।

हाम्रो पार्टीको हालै संम्पन्न केन्द्रीय समितिको बैठकमा पारित प्रस्तावमा सरकारद्वारा प्रस्तुत संविधान संशोधन विधेयकलाई विस्तारवादी कोण र संशोधनको विपक्षमा एमालेद्वारा गरिएको विरोधलाई सामन्तवादी कोणमा आधारित रहेको बताइएको छ । साथै, के.स.को बैठकले यी दुवै कोणको विरोधमा संघीयता लगायत विषयमा पार्टीको धारणा स्पष्ट पार्दै आफ्नो स्वतन्त्र पहलमा संघर्षलाई विकसित गर्नुपर्ने कुरामा जोड दिएको छ ।

सरकारद्वारा प्रस्तुत संविधान संशोधन प्रस्ताव जनताका हक, हित तथा अधिकारसित जोडिएका आधार भूत समस्याहरुको समाधान तथा संबोधन गर्नका लागि नभई सत्तामा भागबण्डाका लागि आतुर रहिआएका कतिपय मधेसवादी दलहरुलाई सरकारमा ल्याउन, नेपालमा विस्तारवादी स्वार्थलाई अझै बलियो बनाउन र देशको राष्ट्रिय स्वाधीनतालाई अझै कमजोर तुल्याउनका लागि ल्याइएको हो । यो कुरा गत कालदेखि सरकार गिराउने र वनाउने चलखेलसित जोडिएका अनेकौं घटनाक्रमहरुद्वारा पुष्टि हुँदै आएको छ ।

यसैगरी एमालेले संविधानको जुन विरोध गर्दै आएको छ त्यो पनि सामन्तवादी कोणमा आधारित छ । एमाले लामो समयदेखि जातीय तथा क्षेत्रीय पहिचान र सामर्थ्यका आधारमा राज्यको पुनःसंरचना गर्ने तथा तदनुरुप जातीय तथा क्षेत्रीय स्वायत्तता लाई अंगाल्ने मान्यताको विरोधी रहिआएको छ । यो एमालेको सामन्ती ब्राह्मणवादी सोच हो । यस कुराको पनि अनेकौं तथ्यहरुद्वारा पुष्टि हुदै आएको छ ।

आज नेपाली संसदीय राजनीति संसदवादी दलहरुको स्वविवेकले होइन, यो वा त्यो रुपमा बाह्य शक्तिकेन्द्रहरुकै इसारमा चलिरहेको छ । आज देशमा बाह्य हस्तक्षेप र चलखेल अत्यन्तै तिव्ररुपमा कढ्दै गएको छ । हामीले यस तर्फ पनि विशेष ध्यान दिन जरुरी छ ।

हाम्रो पार्टीले वर्तमान संविधान र संघीयता लगायतका विषयमा आफ्नो धारणा जनसमक्ष प्रस्तुत गर्दै आएको छ । यस संविधानमा गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता जस्ता विषय मात्रा र अंशमा सकारात्मक रहेपनि संधीयता र धर्मनिरपेक्षतालाई पर्याप्त स्थान दिइएको छैन । समग्रमा यो दलाल, नोकरशाही पुँजीपति तथा सामन्त वर्गका स्वार्थको प्रतिनिधित्व गर्ने पञ्चगामी संविधान ने हो । यस संविधानले जनयुद्ध र जनआन्दोलनमा अभिव्यक्त उत्पीडित वर्ग र जनसमुदायका इच्छा र भावनालाई तिरस्कार गरेको छ । त्यसैले यो जनताको संविधान होइन ।

वर्तमान संविधानले मजदुर, किसान, महिला, दलित, मधेसी, जनजाति, पिछडिएको क्षेत्र सहितका शोषित पीडित वर्ग र जनसमुदायका जनतान्त्रिक आधिकारलाई स्थापित गर्न सकेको छैन् । फलतः राज्यसत्तामा पुरानै वर्गको हालीमुहाली कायमै छ । नेपाल जस्तो बहुभाषिक देशमा अझै आर्यखस नेपाली भाषाको एकाधिकार छ । बहुभाषिक नीति अवलम्वन गर्ने र त्यस अनुरुप व्यवहारमा जाने काम हुन सकेको छैन् । राज्यको पुनः संरचना तथा सीमाङ्कनको प्रश्नमा संबधित उत्पीडित समुदायको वसो वासको सधनता र पहिचानमाथि आवश्यक ध्यान दिइएको छैन । साथै, यी विषयवारे संम्बधित प्रदेशका परिवर्तनकामी शक्ति र जनताको सहमति लिने काम पनि हुन सकेको छैन ।


ठीक यहीनेर हामीले विशेष ध्यान दिनु पर्ने विषय के छ भने उत्पीडित जातीय मुक्ति र संघीयताको प्रश्नमा एकातिर संघीयताको नामै सुन्न नचाहने सामन्ती बाह्मणवाद र अर्कोतिर संघीयताको नाममा देशमा विखण्डन ल्याउन खोज्ने साम्राज्यवाद तथा विस्तारवाद दुवै पक्षवाट गंभीर प्रकारको आधात पुऱ्याउने काम हुँदै आएको छ । ... बाँकी ८ पेजमा

## सम्पादकीय

# पीडितको आँशुमाथि राजनीति नगर !

देश यतिबेला राजनीतिक अस्तव्यस्तताबाट गुज्रिरहेको छ । यहि मौका छोपेर संसदवादी दलहरु आफ्नो दुनो सोझ्याउनेतिर लागेका छन् । शान्ति प्रक्रियाका बाँकी कार्यभार पूरा गर्ने तर्फ केपी ओली नेतृत्वको सरकारले कुनै पाइलाअघि नसारेको भन्दै कांग्रेसको समर्थनमा सरकारको नेतृत्व गर्न पुगेका पुष्पकमल दाहाल प्रचण्ड पनि उही पुरानै ढर्रामा नियुक्ति, सरुवा, बढुवालाई प्रमुख काम बनाउन पुगेका छन् । १० वर्षअघि भएको विस्तृत शान्ति सम्झौतामा शान्ति प्रक्रियाका काम ६ महिनाभित्रमा पूरा गर्ने भनिएपनि अहिलेसम्म त्यसले पूर्णता पाउनुको साटो जनयुद्धबाट आएका कतिपय नेता कार्यकर्तालाई कथित अपराधीको बिल्ला भिराउँदै जेल हालिएको छ भने कतिपयमाथि लागेका मुद्दा अझै अदालतहरुमा बाँकी नै छन् । यस्तै अहिलेको संविधानलाई अस्वीकार गरेका शक्तिलाई समेत सहमतिमा ल्याउने सरकारको कार्यभार भएपनि त्यतातर्फ बृहत रुपमा सोच्नुको साटो केही मधेसवादी दलका माग सम्बोधनका लागि भन्दै संविधान संशोधन, सीमांकन हेरफेरजस्ता प्राविधिक विषयमा लगेर अड्काइएको छ । गत २०७२ साल बैशाख १२ गते गएको विनाशकारी भूकम्पबाट ठूलो मात्रामा जनधनको क्षतिका साथैं पुरातात्विक महत्वका सम्पदाहरु नष्ट भए । तर, अहिलेसम्म तिनीहरुको पुर्ननिर्माणको काम सुरु समेत हुन सकिरहेको छैन । जहाँ सुरु भएको छ, त्यहाँको कछुवा गतिले अन्य सम्पदाहरु पुनर्निर्माणमा कति समय लाग्छ अहिले नै भन्न सकिने अवस्था छैन । यसै परिदृश्यमा यतिबेला राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी अधिकृत (सीईओ) हटाउने र नियुक्ति गर्ने विषयले बजारमा ब्यापकता पाएको छ । भूकम्प पीडितले दुई वर्षायाम र दुई हिउँद याम टहरामा बिताइसकेका छन् । चिसोको मौसममा उच्च हिमाली क्षेत्रमा ब्यापक हिमपात भएपछि कष्टकर जीवन बिताउन बाध्य छन् । उच्च हिमाली क्षेत्रमा हिमपातका कारण टहराको बसाई कठिन बन्दै गएको छ । हिमपातका कारण चिसो मौसममा न्यानो कपडाको अभावका कारण वुद्धवृद्धा र केटाकेटीको अवस्था झनै कष्टकर बनेको छ । भूकम्पको केन्द्रविन्दु परेको गोरखाको बारपाक, लाप्राकका पर्यटकीय दृष्टिकोणले पनि महत्वपूर्ण बस्तीदेखि भूकम्पले ठूलो क्षति पुऱ्याएको सिन्धुपाल्चोक, नुवाकोट, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुरसहित ११ अति प्रभावित जिल्लामा स्थानीय स्तरबाट भूकम्पपछिको पुनर्निर्माणको पहल गरिएपनि त्यसमा सरकारी प्रतिबद्धता अनुसार कार्यहरु अघि बढ्न नसक्दा अलपत्र अवस्थामा नै छन् । भूकम्प पीडितलाई घर बनाउनका लागि दिने भनिएको रकम समेत किस्ता किस्तामा दिइनुले निर्माण भइसक्ने समयसम्म पनि राहतको किस्ता पर्खनुपर्ने अवस्था अझै विद्यमान छ । जसले गर्दा भूकम्प पीडितले यो हिउद पनि टहरामा नै बिताउनुपर्ने भएको छ । यसैगरी कतिपय जिल्लामा सरकारी कर्मचारीले नै अनावश्यक सेवासुविधाको माग गरेर पुनर्निर्माणको कामलाई रोक्दा समेत सरकार निरिह बन्न पुग्यो । पीडित जनताले राहत पाउनुको साटो आहत मात्रै पाइरहेका छन् । राज्य भएर पनि नभएजस्तो, सरकारबिहीन र रित्तताको अनुभूति जनताले गरिरहेका बेला संसदवादी दलहरु संविधान संशोधनको नौटंकीमा व्यस्त छन् । यसप्रति पीडित जनताको कुनै चासो देखिदैन । जनताले परिणाम देखिने कामको अपेक्षा गरेका छन् । सरकारले कम्तीमा पनि राज्य भएको अनुभूति हुनेगरी भूकम्प पीडितलाई छानामुनी ल्याउनु आवश्यक छ । यतिबेला जनआकांक्षा विपरित पीडितको आशुमाथि राजनीति गर्ने छुट कसैलाई छैन ।


**परिवर्तनको सम्वाहक**




सत्यतथ्य निश्पक्ष खबर तथा विचारका लागि सँधै हेर्नै र पढ्ने गरौं ।

www.moolbato.com


# मार्क्सवादी सिद्धान्तको आन्तरिक एकता

मार्क्सवादी दर्शन, मार्क्सवादी राजनीतिक अर्थशास्त्र र वैज्ञानिक साम्यवादी सिद्धान्त मार्क्सवादका तीन प्रमुख अङ्गहरु हुन् । उपर्युक्त तीन अङ्गहरुमा प्रत्येकको आफ्नो खास र भिन्नै विषयवस्तु छ र प्रत्येकको विकास स्वतन्त्र रुपबाट हुन्छ । तर ती तीनमध्ये कुनै एकको अध्ययन गर्दा हामीले कुन कुरा बिर्सनु हुन्न भने तिनीहरु एक अर्कोबाट एकदमै अभिन्न र एक अर्कोसित घनिष्ठ रुपले सम्बन्धित छन् र आफ्ना उक्त अङ्गहरुसहित मार्क्सवाद एउटा सिङ्गो विचार-प्रणाली हो । तीन अङ्गहरुमा प्रत्येकको स्वाधीन रुपबाट अध्ययन गर्न सकिन्छ, तर पनि तिनीहरुको आपसी सम्बन्ध, आपसी अन्तरक्रिया र ठोस एकताबाट नै एउटा सिङ्गो सिद्धान्तको रुपमा मार्क्सवादको विकास भएको छ ।

हामीले के बताइसकेका छौं भने वैज्ञानिक साम्यवादका आधारभूत प्रस्थापनाहरु इतिहाससम्बन्धी द्वन्द्वात्मक-भौतिकवादी धारणा र आर्थिक सिद्धान्तका स्वभाविक निष्कर्ष हुन् । इतिहाससम्बन्धी भौतिकवादी धारणाले वैज्ञानिक-साम्यवादी सिद्धान्तको निम्ति दार्शनिक आधार प्रदान गरेको छ भने अतिरिक्त मूल्यको सिद्धान्तले त्यसको आर्थिक आधार प्रदान गरेको छ । उक्त दुई आधारहरुमा टेकेर नै समाजवादले आफूलाई कल्पनाबाट विज्ञानमा फेर्न सक्यो । मार्क्सवादीहरुका लागि, मार्क्सवादी दर्शन विद्यमान सामाजिक-आर्थिक सम्बन्धहरुको वैज्ञानिक विश्लेषण तथा व्याख्या गर्ने एउटा साधन रहन्छ भने सो विश्लेषण ठोस व्यवहारिक निष्कर्षहरु निकाल्नका लागि ठोस आधार बन्दछ । अर्कोतिर, सामाजिक-आर्थिक सम्बन्धहरुको वैज्ञानिक अध्ययनबाट जुन नयाँ सामग्रीहरु प्राप्त हुन आउँछन्, ती दार्शनिक सामान्यीकरणका लागि ठोस आधार बन्दछन् । यसरी, उपर्युक्त तीन अङ्गहरु एक अर्कोको सहायक तथा परिपूरकको रुपमा एक अर्कोसित नङ-मासु झैं गाँसिएका छन् ।

सारांशमा, मार्क्सवाद एउटा सिङ्गो प्रणाली हो । प्रकृति र समाजको विकासका सामान्य नियमहरु के हुन्, समाजवादी क्रान्तिको विजय कुन तरिकाबाट हासिल गर्न सकिन्छ, समाजवाद र साम्यवाद समाजको निर्माण कसरी गर्न सकिन्छ, आदि सवालहरुबारे वैज्ञानिक विचार हरुको पूरै सुसंगत तथा समष्टिगत प्रणालीको नाम हो मार्क्सवाद ।

द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवाद, सर्वहारा राजनीतिक अर्थशास्त्र वैज्ञानिक समाजवादको रुपमा मार्क्स र एन्जेल्सका सैद्धान्तिक योगदानहरु हामीले पाएका छौं । उक्त सैद्धान्तिक योगदानहरुको समष्टिगत नाउँ हो मार्क्सवाद, जुन अहिलेसम्ममा विकासका विभिन्न चरणहरुबाट गुज्रिसकेको छ र जुन निरन्तर विकास हुँदो छ । उपर्युक्त योगदानहरुमा एक आन्तरिक एकता विद्यमान छ । हामी जसलाई वास्तवमा मार्क्सवाद भन्छौं त्यो दर्शन मात्र होइन, न अर्थशास्त्र मात्र हो, न वैज्ञानिक साम्यवाद मात्र हो, बरु त्यो उपर्युक्त तीन अङ्गहरुको ठोस तथा अभिन्न एकता हो । यही ठोस आन्तरिक एकताबाट नै मार्क्सवाद एक सिङ्गो सिद्धान्त बनेको छ ।

उपर्युक्त आन्तरिक एकता कुन अर्थमा रहेको छ त ? त्यो एउटा कुन अर्थमा रहेको छ भने उपर्युक्त तीन अङ्गहरु एकले अर्कोलाई टेवा दिन्छन्, एक अर्कोमाथि क्रियाशील रहन्छन् र एकले अर्कोलाई समृद्ध पार्दै, एकले अर्कोको विकासको निम्ति अवस्थाहरु सिर्जना गर्दै र एकले अर्कोको आवश्यकताको पूर्ति गर्दै एक अभिन्न आन्तरिक एकताको रुपमा, विकासको एउटा धाराको रुपमा तिनीहरु रहेका छन् । तिनीहरुको अन्तरक्रियाको खास चरित्र र रुपलाई तलका कुराहरुबाट बुझ्न सकिन्छ ।

इतिहाससम्बन्धी द्वन्द्वात्मक-भौतिकवादी धारणाको प्रतिपादनले मार्क्सको आर्थिक अनुसन्धानको लागि अति आवश्यक तरिकागत (Methodological) पूर्वाधारहरु प्रदान गऱ्यो । द्वन्द्वात्मक-भौतिकवादी तरिकाको रुपमा यस्तो एउटा साधन उपलब्ध भयो, जसको मद्दतबाट मार्क्सले पुँजीवादी समाजको गतिको नियम पत्ता लगाउन सक्नुभयो । द्वन्द्वात्मक-ऐतिहासिक दृष्टिकोणको अभावमा उक्त कुरा सम्भव थिएन । त्यसका साथै, आर्थिक व्यवस्था नै सामाजिक जीवनको मूल आधार हो भन्ने ऐतिहासिक भौतिकवादको निकै महत्वपूर्ण प्रस्थापनाले मार्क्सलाई अर्थशास्त्रको अध्ययनतर्फ अधिकतम ध्यान लगाउनमा प्रेरित गऱ्यो । अर्कोतिर वैज्ञानिक-साम्यवादी सिद्धान्तले अरु विकासले आर्थिक अनुसन्धानको जरुरी खाँचोलाई प्रस्तुत गऱ्यो । उपर्युक्त विकासले कुन कुराको अपरिहार्य रुपमा अपेक्षा गऱ्यो भने उक्त सिद्धान्तको लागि ठोस आर्थिक आधार तयार पारियोस् । १८४३ र १८४९ को बीचमा, जब मार्क्स र एन्जेल्सले आफ्नो नयाँ वैज्ञानिक-साम्यवादी सिद्धान्तको प्रतिपादन गर्नुभएको थियो, त्यस बेलामा जरुरी खाँचोको रुपमा नयाँ आर्थिक सिद्धान्तको प्रतिपादन तथा विशद व्याख्या हुनु आवश्यक हुन गयो । यसरी द्वन्द्वात्मक-भौतिकवादी तरिका आर्थिक अनुसन्धानका लागि आवश्यक साधन बन्यो भने वैज्ञानिक-साम्यवादी सिद्धान्तको विकासको खाँचो सो अनुसन्धानको लागि बलियो प्रेरक शक्ति बन्यो ।

अनि अर्कोतिर, नयाँ आर्थिक सिद्धान्तको प्रतिपादन र विशद व्याख्याले इतिहाससम्बन्धी भौतिकवादी धारणा र वैज्ञानिक साम्यवादको सिद्धान्त दुवैलाई ठोस रुपमा समृद्ध तथा सशक्त बनायो । कुन रुपमा उक्त काम गरियो भन्ने विषयमा संक्षिप्त रुपमा विचार गरौं ।

ऐतिहासिक भौतिकवादको एउटा प्रमुख प्रस्थापना के हो भने प्रकृतिको विकासका नियमहरु विपरित, मानव समाजको विकासका नियमहरु जनताको क्रियाकलापमार्फत र वर्गीय समाजमा वर्गहरुको क्रियाकलाप तथा सङ्घर्षमार्फत क्रियाशील हुन्छन् । उक्त प्रस्थापनालाई मार्क्सको आर्थिक सिद्धान्तले समृद्ध पारेको छ, किनभने उक्त सिद्धान्तमा उहाँले के देखाउनुभयो भने पुँजीवादी उत्पादन-प्रणालीका वस्तुगत आर्थिक नियमहरु वर्ग-सङ्घर्षको प्रक्रियामा सिद्ध हुन्छन् । आर्थिक नियमहरु पनि प्रकृतिका निमयहरु क्रियाशील हुने ढङ्गबाट क्रियाशील हुन्छन् भन्ने पुँजीवादी अर्थशास्त्रीको धारणाका विपरीत, मार्क्सको आर्थिक सिद्धान्तको उपर्युक्त निष्कर्षले ऐतिहासिक भौतिकवादलाई सबल र समृद्ध पाऱ्यो । त्यसैगरी, पुँजीवादी राज्य र अधिरचनाका (Superstructure) अन्य तत्वहरुले पुँजीवादी उत्पादन-प्रणालीको विकासमा ठूलो भूमिका खेल्छन् भन्ने जुन निष्कर्ष मार्क्सले आफ्नो कृति पुँजीमा निकाल्नुभयो, त्यसले आर्थिक आधार र अधिरचनाबीचको सम्बन्धबारे आर्थिक सिद्धान्तबाट धेरै महत्वपूर्ण निष्कर्षहरु निस्के, जसले इतिहासको भौतिकवादी धारणालाई समृद्ध पारे ।

जहाँसम्म वैज्ञानिक साम्यवादमाथि मार्क्सको


कृष्णदास श्रेष्ठ

***मार्क्सवाद "स्पातको एउटै टुक्राबाट ढलान गरेर बनाइएको" छ । उक्त भनाइमा मार्क्सवादको वास्तविक चरित्र अभिव्यक्त भएको छ । त्यस रुपमा त्यसको चित्रण गर्नुमा दुइटा कारण छन् । एउटा कारण के भने मार्क्सवादले संसारसम्बन्धी वस्तुगत ज्ञानलाई श्रमजीवी जनताका हितहरुको सचेत अभिव्यक्तिसित गाँसेको छ । अर्को कारण के भने मार्क्सवाद क्रान्तिकारी विचारहरुको एक सुसंगत व्यवस्था हो ।***

आर्थिक सिद्धान्तको प्रभावको सवाल छ, त्यसबारे माथि हामीले कुन कुरा बताइसकेका छौं भने मार्क्सको आर्थिक सिद्धान्तले वैज्ञानिक साम्यवादलाई बलियो आर्थिक जगमा उभ्यायो र सो सिद्धान्तबाट निकालिएका निष्कर्षहरुले साम्यवादका आधारभूत प्रस्थापनाहरुलाई उचित सावित गरे । अतिरिक्ति मूल्यको सिद्धान्तले पुँजीवादी उत्पादन-प्रणाली कुन ढङ्गबाट क्रियाशील रहन्छ र त्यसको विकासका मूल धाराहरु के हुन् भन्ने देखायो, र त्यसले गर्दा साम्यवादी सिद्धान्त आर्थिक दृष्टिबाट सही प्रमाणित भयो । जस्तो कि लेनिन भन्नुहुन्छ : "मार्क्सले पूरा रुपमा एकमात्र समकालीन समाजको विकासको आर्थिक नियमबाट कुन निष्कर्ष निकाल्नुभयो भने समाजवादी समाजमा पुँजीवादी समाजको रुपान्तरण हुनु अनिवार्य छ ।"

वास्तवमा मार्क्सको सिद्धान्त वैज्ञानिक साम्यवादको आर्थिक न्यायोचितता हो, र त्यसले साम्यवादी सिद्धान्तको विकासमा निकै महत्वपूर्ण भूमिका खेलेको छ । वैज्ञानिक साम्यवादलाई सुदृढ आर्थिक आधार प्रदान गरेर उक्त आर्थिक सिद्धान्तले समाजवादलाई वैज्ञानिक सिद्धान्तमा फेर्ने प्रक्रियालाई पूर्णता प्रदान गरेको छ । त्यसैले, लेनिनले मार्क्सको आर्थिक सिद्धान्त उहाँको सिद्धान्तको सबभन्दा गहन, व्यापक तथा विस्तृत पृष्टि तथा कार्यान्वयन रहेको बताउनुभयो ।

यसरी, कुन कुरा स्पष्ट हुन्छ भने मार्क्सवादका अङ्गहरुको गहिरो तथा अभिन्न एकता रहेको छ । तर त्यो एकता पारस्परिक अन्तरक्रिया र पारस्परिक प्रभाव तथा समर्थनको रुपमा मात्र, अर्थात् साझो रेखामा मात्र सीमित रहेको छैन । उक्त एकता ठाडो रुपमा पनि रहेको छ । अर्थात् मार्क्सवादी सिद्धान्तले विकासको एउटै दिशाको अनुसरण गरिआएको अर्थमा पनि उक्त आन्तरिक एकता रहेको छ । उक्त विकास द्वन्द्वात्मक ढङ्गबाट भएको छ, अर्थात् त्यसको चरित्र अन्तर्विरोधी छ । उक्त सिद्धान्तका कुनै खास-खास तत्वहरु समयको क्रममा पछि गएर बेठीक र समय नसुहाउँदा सावित भएका छन्, तर समग्र रुपमा मार्क्सवादी सिद्धान्त झन्झन् समृद्ध तथा विकसित भइरहेको छ । त्यसैले, समग्र रुपमा त्यसको आन्तरिक एकताको रुपमा लिए मात्र, उक्त सिद्धान्तलाई सही र ठीक ढङ्गबाट बुझ्न सकिन्छ ।

मार्क्सवादी सिद्धान्तको विकासको सम्बन्धमा एउटा आधारभूत कुरा के छ भने त्यसको विकास सधैंभरि त्यसका अभिन्न अङ्गहरुको एकताको रुपमा भएको छ । मार्क्स र एन्जेल्सका सैद्धान्तिक उपलब्धिहरुको आन्तरिक एकता कुन तथ्यमा पनि रहेको छ भने उहाँहरुले आफ्नो सम्पूर्ण अनुसन्धानमा एउटा साझा उद्देश्य अपनाउनुभयो, र त्यो उद्देश्य थियो– समाजवादलाई वैज्ञानिक आधार प्रदान गरी त्यसलाई कल्पनाबाट सच्चा विज्ञानमा फेर्नु । यही साझा उद्देश्य नै मार्क्सवादका अङ्गहरुको एकताको मूल स्रोत तथा कारण रहेको छ ।

मार्क्सको पुँजी मार्क्सवादी सिद्धान्तको आन्तरिक एकताको एउटा चहकिलो, आदर्श दृष्टान्त बनेको छ । पुँजी राजनीतिक अर्थशास्त्रसम्बन्धी एक महान् कृति हो । तर त्यो त्यति मात्र होइन । त्यसको ज्यादै गहन दार्शनिक तथा ऐतिहासिक सारतत्व पनि छ । अर्थशास्त्रसम्बन्धी महत्वपूर्ण कृति हुनाको साथै, पुँजी भौतिकवादी द्वन्द्ववादको विशद व्याख्या र कार्यान्वयनको एक बेजोड नमुना पनि हो । त्यहाँ पुँजीवादी समाजको अध्ययनमा उक्त द्वन्द्ववादलाई बडो दक्षतापूर्वक लागू गरिएको छ । मार्क्सको सैद्धान्तिक अनुसन्धानको तरिका, अर्थात् द्वन्द्वात्मक-भौतिकवादी तरिकालाई आर्थिक अनुसन्धानमा सही र सुसंगत रुपमा प्रयोग गरिएको छ । जहाँसम्म पुँजीको ऐतिहासिक सारतत्वको सवाल छ, पुँजीवादी उत्पादन-प्रणालीको अनुसन्धान र अध्ययन गर्नु हुँदा मार्क्सले विशाल परिमाणमा ठोस ऐतिहासिक तथ्यहरुमाथि आफूलाई आधारित पार्नुभयो । विपुल ठोस ऐतिहासिक सामग्रीहरुको आधारमा उहाँले पुँजीवादका वास्तविक ऐतिहासिक जराहरु, त्यसका आधारभूत अन्तर्विरोधहरु र त्यसको पतनको अनिवार्यतालाई स्पष्टसित दर्शाउनुभयो । सर्वहारा वर्ग-सङ्घर्षका हितहरुको प्रतिनिधित्व गरेर पुँजीले समाजवादको लागि सङ्घर्षमा सर्वहारावर्गको हातमा एक धारिलो अस्त्र प्रदान गऱ्यो ।

मार्क्सवादको सच्चा भावना त्यसका तीन अभिन्न अङ्गहरुको एकतामा रहेको छ । उक्त भावनालाई लेनिनले यस रुपमा दर्शाउनुभएको छ : मार्क्सवाद "स्पातको एउटै टुक्राबाट ढलान गरेर बनाइएको" छ । उक्त भनाइमा मार्क्सवादको वास्तविक चरित्र अभिव्यक्त भएको छ । त्यस रुपमा त्यसको चित्रण गर्नुमा दुइटा कारण छन् । एउटा कारण के भने मार्क्सवादले संसारसम्बन्धी वस्तुगत ज्ञानलाई श्रमजीवी जनताका हितहरुको सचेत अभिव्यक्तिसित गाँसेको छ । अर्को कारण के भने मार्क्सवाद क्रान्तिकारी विचारहरुको एक सुसंगत व्यवस्था हो ।

तर, यस्ता अनगिन्ती घटनाहरु पहिले पनि देखिएका थिए र अहिले पनि देखिँदै छन् जसमा मार्क्सवादलाई एक सिङ्गो सिद्धान्तको रुपमा ग्रहण गरिँदैन र त्यसलाई "कार्यमा पथप्रदर्शक" को रुपमा ठीकसित प्रयोग गरिँदैन । एक थरी समाजवादीहरु र तथाकथित मार्क्सवादीहरुको माझमा व्यापक रुपमा फैलिएको एउटा प्रवृत्ति हामी के देख्छौं भने उनीहरु मार्क्सवादी सिद्धान्तका खास-खास वैयक्तिक तत्वहरुसित (उदाहरणका लागि आर्थिक तत्वको प्राथमिकतासम्बन्धी धारणा) आफ्नो समर्थनको आधारमा आफूलाई मार्क्सवादी भनी दावा गर्छन् । हाम्रो मुलुकलगायत कैयन् मुलुकहरुमा केही तथाकथित मार्क्सवादीहरुको तर्फबाट, मार्क्सवादका केही खास प्रस्थापनाहरुमा जोड दिने वा तिनलाई मात्र प्रयोग गर्ने, आफ्नो खास कामको लागि त्यसका कुनै भनाइहरुमा अवाञ्छित मात्रासम्म बल दिने वा तिनलाई बाहियाती स्थितिसम्म बढाउने प्रयत्नहरु प्रशस्त र व्यापक मात्रामा भएर आएका छन् । लेनिनको भनाइअनुसार, त्यस्ता मामिलाहरुमा नै मार्क्सवाद एकपक्षीय, विकृत तथा निर्जीव देखिने हुन्छ र त्यसले जीवन्तता गुमाउँछ । एक सिङ्गो, सुसंगत विश्व-दृष्टिकोणको रुपमा मात्र मार्क्सवाद कार्यमा पथप्रदर्शक बन्न सक्छ र त्यस रुपमा प्रयोग भए मात्र त्यो सार्थक, उपयोगी तथा प्रभावकारी सिद्ध हुन सक्छ ।

# पार्टीभित्रका गलत विचारहरूलाई सुधार्ने सम्बन्धमा

- माओत्सेतुङ




चौथो लाल सेनाभित्रको कम्युनिस्ट पार्टी सङ्गठनमा यस्ता विभिन्न गैरसर्वहारा विचारहरू छन्, जसले पार्टीको सही कार्यदिशाको कार्यान्वयनमा ठूलो बाधा पुऱ्याउँछन्। यस्ता विचार हरूलाई पूर्णरूपमा नसुधारेमा, चौथो लाल सेनाले चीनको महान् क्रान्तिकारी सङ्घर्षमा आफ्नो जिम्माका अभिभाराहरूलाई सम्भवतः वहन गर्न सक्दैन। निश्चय पनि यस पार्टीसङ्गठनमा भएका यस्ता गलत विचारहरूको स्रोतको तथ्य यसका आधारभूत एकाइहरूमा अधिकाँश व्यक्तिहरू किसानहरू र निम्नपुँजीपति वर्गका अन्य तत्वहरू रहनुसित छ, तर ती कायम रहनाको र बढ्नाको एउटा महत्वपूर्ण कारण चाहिँ केमा निहित छ भने पार्टीका नेतृत्वकारी अङ्गहरूले उक्त गलत विचार हरूका विरुद्ध योजनाबद्ध तथा दृढ सङ्घर्ष चलाउन र पार्टीको सही कार्यदिशामा सदस्यहरूलाई शिक्षित पार्नसकेका छैनन्। केन्द्रीय कमिटीको सेप्टेम्बर पत्रको भावनाअनुसार यस महाधिवेशनले चौथो सेनाभित्रको पार्टीसङ्गठनमा विभिन्न गैरसर्वहारा विचारहरू कुन रूपमा अभिव्यक्त भएका छन्, तिनका स्रोतहरू के हुन् र तिनलाई कुन तरिकाले सुधार्नुपर्छ भन्ने कुरातर्फ औंल्याउँछ, र सारा कमरेडहरूलाई तिनको पूर्णरूपमा उन्मूलन गर्न आह्वान गर्दछ।

**सङ्गठनात्मक अनुशासनको अवहेलनाको सम्बन्धमा**

चौथो फौजको पार्टी सङ्गठनमा सङ्गठनात्मक अनुशासनको अवहेलना निम्न रूपहरूमा अभिव्यक्त भएको छ :

क) बहुमतको फैसलालाई अल्पमतले नमान्नु। उदाहरणका लागि, जब अल्पमतले आफ्नो प्रस्ताव अस्वीकृत भएको देख्छ, तब त्यसले पार्टीका फैसलाहरूलाई दिलोदेखि कार्यान्वित गर्दैन। यसमा सुधार ल्याउने तरिकाहरू निम्न बमोजिम छन् :

१. बैठकमा सबैजनालाई आ-आफ्नो राय सकभर पूरा रूपमा व्यक्त गर्न उत्साहित पारिनुपर्छ। कुनै पनि विवादास्पद प्रश्नमा कुन ठीक हो कुन बेठीक हो भन्ने कुरालाई सम्झौता वा ढाकछोप नगरिकन स्पष्ट पारिनुपर्छ। स्पष्ट निष्कर्षमा पुग्नका लागि एउटा बैठकमा जुन कुराको टुङ्गो लाग्नसक्दैन, त्यसबारे अर्को बैठकमा छलफल गरिनुपर्छ, तर यसो गर्दा काममा बाधा पर्नुहुँदैन। २. अल्पमतले बहुमतको फैसलालाई मान्नु पार्टी अनुशासनको एउटा महत्वपूर्ण आवश्यकता हो। अल्पमतको सुझाव अस्वीकृत भएमा त्यसले बहुमतद्वारा पारित फैसलालाई समर्थन गर्नुपर्छ। आवश्यक परेमा त्यसले अर्को बैठकमा पुर्नविचारका लागि सो सुझाव पेश गर्नसक्छ, तर यसबाहेक त्यसले कुनै रूपमा पनि फैसला विपरीत काम गर्नुहुँदैन।

ख) सङ्गठनात्मक अनुशासनको अवहेलना गरेर आलोचना गर्नु :

१. भित्रीपार्टी आलोचना पार्टीसङ्गठनलाई बलियो पार्ने र त्यसको लडाकु क्षमतालाई बढाउने साधन हो। तर लाल सेनाको पार्टीसङ्गठनमा सधैंभरि यस्तो खालको आलोचना हुँदैन र कहिलेकाहीँ आलोचनाले व्यक्तिगत आक्षेपको रूप लिन्छ। नतिजास्वरूप, त्यसबाट पार्टीसङ्गठनलाई र साथै व्यक्तिहरूलाई नोक्सान पुऱ्याउँछ। यो निम्नपुँजीवादी व्यक्तिवादको अभिव्यक्ति हो। यसलाई सुधार्ने उपाय भनेको आलोचनाको उद्देश्य वर्गसङ्घर्षमा विजय हासिल गर्नका लागि पार्टीको लडाकु क्षमतालाई बढाउनु र यसलाई व्यक्तिगत आक्षेपको साधनको रूपमा प्रयोग गर्नुहुन्न भन्ने कुरा पार्टीसदस्यहरूलाई बुझ्नमा सघाउ पुऱ्याउनु हो।

२. धेरैजना पार्टीसदस्यहरू पार्टीभित्र नगरेर पार्टीबाहिर आलोचना गर्छन्। यसको कारण के हो भने आमपार्टी सदस्यहरूले अझसम्म पार्टी सङ्गठनको (त्यसको बैठक आदिको) महत्वलाई बुझेका छैनन् र उनीहरू सङ्गठनभित्र गरिने आलोचना र त्यसभन्दा बाहिर गरिने आलोचनाबीच कुनै भिन्नता देख्दैनन्। यसलाई सुधार्ने उपाय पार्टी सदस्यहरूलाई प्रशिक्षित पार्नु हो, जसबाट उनीहरूले पार्टीसङ्गठनको महत्वलाई बुझून् र पार्टी कमिटी वा अन्य कमरेडहरूको आलोचना पार्टी बैठकमै गरून्।

**निरपेक्ष समानतावादका सम्बन्धमा**

एक समयमा लाल सेनामा निरपेक्ष समानतावादी चिन्तनले निकै गम्भीर रूप लिएको थियो। यसका केही दृष्टान्तहरू यहाँ दिइएका छन्। घायल सिपाहीहरूलाई दिइने भत्ताका सम्बन्धमा घाउको गम्भीरता हेरेर फरकफरक भत्ता दिइएकोमा आपत्ति जनाइयो, र सबैलाई बराबर भत्ता दिइनुपर्छ भन्ने माग गरियो। अफिसरहरूले घोडा चढेको कुरालाई कामका लागि आवश्यक कुरा नठानिकन त्यसलाई असमानताको एउटा लक्षण ठानियो। रसदको वितरण निरपेक्षरूपले समान हुनुपर्छ भन्ने माग गरियो र खास मामिलाहरूमा बढी रसद दिइएकोमा आपत्ति जनाइयो। चामलको ढुवानी गर्ने सम्बन्धमा उमेर वा शारीरिक अवस्थालाई नहेरिकन, सबैले बराबर परिमाणमा भारी बोक्नुपर्छ भन्ने माग गरियो। बस्ने ठाउँको वितरणमा पनि सबैको लागि बराबर ठाउको माग गरियो, र हेडक्वाटरले अलि ठूलो कोठा लिएकोमा त्यसको पनि निन्दा गरियो। थकाइलाग्ने काम दिँदा पनि समानताको माग गरियो, र अर्को मानिसले भन्दा अलि बढी काम गर्न इन्कार गरियो। कुरा कहाँसम्म पुग्यो भने घायल व्यक्ति दुई जना र स्ट्रेचर एउटा मात्र भएमा कुनै एक जनालाई स्ट्रेचरमा लैजान नहुने, भयो, किनभने एकले अर्कालाई प्राथमिकता दिन चाहँदैनथ्यो। उपर्युक्त उदाहरणहरूले के देखाउँछन् भने लाल सेनाका अफिसर र सिपाहीहरूका माझमा निरपेक्ष समानतावाद अझ पनि ज्यादै गम्भीर रूपमा रहेको छ।

राजनीतिक मामिलामा अति जनवादझैँ निरपेक्ष समानतावाद पनि दस्तकारी तथा साना-किसान अर्थतन्त्रको उपज हो, र फरक कति मात्र छ भने यिनमा एउटाचाहिँ राजनीतिक मामिलामा अभिव्यक्त हुन्छ र दोस्रोचाहिँ भौतिक मामिलामा अभिव्यक्त हुन्छ।

यसलाई सुधार्ने तरिका : हामीले कुन कुरातर्फ औँल्याउनुपर्छ भने पुँजीवादको उन्मूलन हुनुभन्दा पहिले, निरपेक्ष समानतावाद किसान र साना सम्पत्ति-मालिकहरूको एउटा भ्रम मात्र हो र सामाजवादअन्तर्गत पनि कुनै निरपेक्ष समानता हुनसक्दैन, किनभने त्यसबेला पनि 'प्रत्येकबाट उसको सामर्थ्यअनुसार, प्रत्येकलाई उसको कामअनुसार' को सिद्धान्तको आधारमा र साथै कामको आवश्यकता पूर्तिअनुसारको सिद्धान्तको आधारमा भौतिक चीजहरूको वितरण हुनेछ। अफिसर र सिपाहीहरूको समान तलब भए झैँ लाल सेनामा भौतिक चिजहरूको वितरण धेरथोर समान हुनुपर्छ, किनभने सङ्घर्षको वर्तमान स्थितिको माग यही छ। तर अविवेकपूर्ण निरपेक्ष समानतावादको विरोध गरिनुपर्छ, किनभने यो सङ्घर्षका निम्ति आवश्यक हुनुको सट्टा सङ्घर्षको निम्ति बाधक छ।

**मनोगतवादका सम्बन्ध**

केही पार्टीसदस्यहरूमा मनोगतवाद गम्भीर हदसम्म विद्यमान छ, र यसले राजनीतिक परि स्थितिको विश्लेषणमा र कामको निर्देशनमा ठूलो हानी पुऱ्याउँछ। यसको कारण के भने राजनीतिक परिस्थितिको मनोगत विश्लेषण र कामको मनोगत निर्देशनले अनिवार्य रूपमा या त अवसरवादलाई या त विप्लववादलाई जन्माउँदिन्छ। जहाँसम्म मनोगतवादी आलोचना, जथाभावी वा निराधार कुराकानी, वा आपसी शङ्काको सम्बन्ध छ, पार्टीभित्र यस्ता कुराहरूले अक्सर गरी असैद्धान्तिक झगडा पैदा गर्छन् र पार्टीसङ्गठनहरूलाई कमजोर तुल्याउँछन्।

भित्रीपार्टी आलोचनाको सम्बन्धमा अर्को उल्लेखनीय कुरा के छ भने केही कमरेडहरू आलोचना गर्दा ठुल्ठूला कुरालाई छाडेर ससाना कुरामा ध्यान दिन्छन्। उनीहरू कुन कुरा बुझ्दैनन् भने आलोचनाको मुख्य काम राजनीतिक तथा सङ्गठनात्मक गल्तीहरू देखाउनु हो। जहाँसम्म व्यक्तिगत कमजोरीको प्रश्न छ, यदि यी कमजोरीहरू राजनीतिक र सङ्गठनात्मक गल्तीहरूसित सम्बन्धित छैनन् भने चाहिनेभन्दा बढी तिनको आलोचना गर्नु र सम्बन्धित कमरेडहरूलाई हैरान पार्नु आवश्यक छैन। अर्को कुरा, यस्तो आलोचनाको सिलसिला एकपल्ट चलेपछि ठूलो खतरा के छ भने पार्टीसदस्यहरूले आफ्नो ध्यान पूरारूपमा ससाना कुराहरूमा केन्द्रित पार्नेछन्, अनि सबैजना अल्छे र निस्पृह बन्नेछन् र सबैले पार्टीका राजनीतिक अभिभाराहरूलाई बिर्सनेछन्।

यसलाई सुधार्ने मुख्य उपाय पार्टीसदस्यहरूलाई प्रशिक्षित गर्नु हो, जसले गर्दा उनीहरूको सोचाइ र आफ्नो पार्टीजीवनमा राजनीतिक तथा वैज्ञानिक भावना व्याप्त होस्। यस उद्देश्य पूर्तिका लागि हामीले यी कामहरू गर्नुपर्छ : १) राजनीतिक परिस्थितिको विश्लेषण र वर्गशक्तिहरूको मूल्याङ्कन गर्दा पार्टीसदस्यहरूलाई मनोगत विश्लेषण तथा मूल्याङ्कन गर्नुको सट्टा मार्क्सवादी-लेनिनवादी तरिका अँगाल्न गर्न सिकाउनु, २) सङ्घर्षको कार्यनीति र कार्यतरिका निर्धारित गर्नका लागि सामाजिक तथा आर्थिक अनुसन्धान तथा अध्ययनतर्फ पार्टीसदस्यहरूको ध्यान आकृष्ट गर्नु र वास्तविक अवस्थाहरूको अनुसन्धान नगरेमा उनीहरू हवाइ कल्पना र विप्लववादको खाल्टोमा जाकिनेछन् भन्ने कुरा बुझ्नमा कमरेडहरूलाई मद्दत गर्नु र ३) भित्रीपार्टी सङ्घर्षमा मनोगतवाद, मनपरीवाद र छाडा आलोचनादेखि सावधान रहनु, अर्थात् भनाइहरू तथ्यहरूमा आधारित हुनुपर्छ र आलोचना राजनीतिमाथि केन्द्रित हुनुपर्छ।

**व्यक्तिवादका सम्बन्धमा**

लाल सेनाको पार्टीसङ्गठनमा व्यक्तिवादी प्रवृत्तिले आफूलाई निम्न रूपहरूमा अभिव्यक्त गरेको छ :

१. बदला लिने मनोवृत्ति: पार्टीभित्र कुनै सैनिक कमरेडद्वारा आफ्नो आलोचना भएपछि, कुनैकुनै कमरेडहरू पार्टीबाहिर बदला लिने अवसर खोज्छन्, र त्यसको एउटा उपाय सम्बन्धित कमरेडलाई कुटपिट गर्नु वा गालीगलौज गर्नु हो। उनीहरू पार्टीभित्र पनि बदला लिनखोज्छन्। 'तैँले यस बैठकमा मेरो आलोचना गरेको छस्, अर्को बैठकमा कुनै किसिमले म तैँसित बदला लिनेछु।' बदला लिने यस्तो मनोवृत्ति शुद्ध व्यक्तिगत स्वार्थबाट, समग्र रूपमा वर्ग र पार्टीका हितहरूको अवहेलनाबाट उत्पन्न हुन्छ। यसको निसाना वर्गसत्रु होइन, बरु हाम्रो आफ्नै पङ्क्तिमा रहेका कमरेडहरू हुन्छन्। यो यस्तो विनष्टकारी कुरा हो, जसले सङ्गठन र त्यसको लडाकु क्षमतालाई कमजोर पार्छ।

२. 'सानो डफ्फा' मनोवृत्ति : कतिपय कमरेडहरू आफ्नै सानो डफ्फाको हितलाई मात्र ध्यानमा राख्छन् र सामान्य हितलाई बेवास्ता गर्छन्। बाहिरबाट हेर्दा यो व्यक्तिगत हितको सम्पादनजस्तो देखिँदैन तर, वास्तवमा यसमा अधिकतम सङ्कीर्ण व्यक्तिवाद निहित हुन्छ र यसको प्रभाव विनाशकारी र विघटनकारी हुन्छ। लाल सेनामा 'सानो डफ्फा' मनोवृत्तिको बोलबाला रहेको थियो र आलोचनाको फलस्वरूप त्यसमा केही सुधार भए पनि यसका अवशेषहरू अझसम्म विद्यमान छन् र त्यसलाई हटाउन अझ प्रयास गर्नु जरुरी छ।

३. 'जागिरे' मनोवृत्ति : जुन पार्टी र जुन लाल सेनाका उनीहरू सदस्य छन्, ती दुवै क्रान्तिका अभिभाराहरू सम्पन्न गर्ने कार्यका साधन हुन् भन्ने कुरा कतिपय कमरेडहरू बुझ्दैनन्। उनीहरू स्वयम् नै क्रान्तिका निर्माता हुन् भन्ने कुरा उनीहरू महसुस गर्दैनन्, उनीहरू क्रान्तिप्रति होइन, बरु आफ्ना वरिष्ठ अधिकारीप्रति उत्तरदायी छन् भन्ने ठान्दछन्। क्रान्तिसित सम्बद्ध यो 'जागिरे' निष्क्रिय मनोवृत्ति पनि व्यक्तिवादको एउटा अभिव्यक्ति हो। क्रान्तिका लागि बिनासर्त काम गर्न सक्रिय कार्यकर्ताहरू धेरै सङ्ख्यामा किन नभएका होलान् भन्ने कुरा यसबाट थाहा हुन्छ। यस मनोवृत्ति उन्मूलन नभएमा सक्रिय कार्यकर्ताहरूको सङ्ख्या बढ्नेछैन र क्रान्तिको गह्रौँ बोझ केही खास मानिसहरूको काँधमाथि पर्नेछ, र यसले गर्दा सङ्घर्षलाई हानी पुग्नेछ।

४. ऐशआरामको लालसा : लाल सेनामा यस्ता केही मानिसहरू पनि छन्, जसको व्यक्तिवाद ऐशआराम खोज्ने प्रवृत्तिमा अभिव्यक्त हुनेगर्छ। उनीहरू हमेशा के आशा गर्छन् भने उनीहरूको टुकडी ठूलो सहरमा प्रवेश गर्नेछ। उनीहरू काम गर्नका लागि होइन, बरु ऐशआरामका लागि सहरमा जान चाहन्छन्। जुन लाल इलाकाहरूमा जीवन कठिन छ, त्यहाँ उनीहरू कदापि जान चाहँदैनन्।

५. निष्क्रियता: कतिपय कमरेडहरू कुनै कुरा आफ्नो इच्छाविपरीत भएमा निष्क्रिय बन्छन् र काम गर्न बन्द गर्छन्। मुख्य रूपमा यसको कारण प्रशिक्षणको कमी हो, तर कहिलेकाहीँ यसको कारण नेतृत्वबाट कामको अनुचित ढङ्गले सञ्चालन गरिनु, अनुचित ढङ्गबाट कामको बाँडफाँड गरिनु वा अनुचित ढङ्गबाट अनुशासन लागु गरिनु पनि हुन्छ।

६. सेना छाड्ने इच्छा : लाल सेनाबाट स्थानीय काममा स्थानान्तर हुनचाहने मानिसहरूको सङ्ख्यामा वृद्धि भइरहेको छ। यसको कारण व्यक्तिगत मात्रै नभएर अन्य निम्न कारणहरू पनि छन् : क) लाल सेनामा जीवनका भौतिक कठिनाइहरू, ख) लामो सङ्घर्षपछिको थकाइ र (३) नेतृत्वद्वारा अनुचित ढङ्गबाट कामको सञ्चालन गरिनु, अनुचित ढङ्गबाट कामको बाँडफाँड गरिनु वा अनुचित ढङ्गबाट अनुशासन लागु गरिनु।

यसलाई सुधार्ने मुख्य उपाय प्रशिक्षणलाई बलियो पार्नु हो, जसबाट विचारधारात्मक रूपबाट व्यक्तिवादलाई खत्तम पार्न सकियोस्। अर्को उपाय उचित ढङ्गबाट कामको सञ्चालन गर्नु, कामको बाँडफाँड गर्नु र अनुशासन लागु गर्नु हो। यसबाहेक लाल सेनाको भौतिक जीवनमा सुधार ल्याउने उपायहरू पत्ता लगाइनुपर्छ र आराम र पुनर्ताजगीकालागि सुलभ हुने हरेक अवसरलाई भौतिक अवस्था सुधार्नका लागि प्रयोग गरिनुपर्छ। हामीले दिने प्रशिक्षणका सम्बन्धमा हामीले के प्रस्ट पार्नुपर्छ भने सामाजिक उत्पत्तिको दृष्टिबाट व्यक्तिवाद पार्टीभित्र निम्नपुँजीवादी र पुँजीवादी विचारहरूको प्रतिबिम्बन हो।

**घुमक्कड विद्रोही समूहरूको विचारधाराको सम्बन्धमा**

लाल सेनामा घुमक्कड विद्रोही जत्थाहरूसित सम्बद्ध विचारधारा उत्पन्न हुनाको कारण यसमा आवारा तत्वहरू ठूलो सङ्ख्यामा छन् र चीनमा, खासगरी दक्षिणी प्रान्तहरूमा ठूलो सङ्ख्यामा आवाराहरूको उपस्थिति छ। यो विचारधारा तल उल्लेखित रूपहरूमा अभिव्यक्त भएको छ : १) कोही मानिसहरू घुमक्कड छापामार कारबाहीद्वारा हाम्रो राजनीतिक प्रभावलाई बढाउन चाहन्छन्, तर आधारक्षेत्रहरू निर्माण गर्ने कष्टसाध्य काम गरेर र जनताको राजनीतिक सत्ता कायम गरेर त्यसलाई बढाउन चाहँदैनन्। २) कोही मानिसहरू लाल सेनालाई विस्तारित गर्नका लागि स्थानीय रक्षकदल र स्थानीय सेनालाई बढाउने र लाल सेनाको मुख्य शक्तिको विकास गर्ने कार्यदिशाको अनुसरण गर्दैनन्, बरु 'मानिस भाडामा लिने र घोडा किन्ने' र 'भगुवाहरू भर्ती गर्ने र बागीहरूलाई सामेल गर्ने' कार्यदिशाको अनुसरण गर्छन्। कोही मानिसहरूमा जनतासित मिलेर कठोर सङ्घर्ष चलाउने धैर्यको कमी छ र उनीहरू खुब मोजमज्जा गर्नका लागि ठुल्ठूला सहरहरूमा जान मात्र चाहन्छन्। घुमक्कड विद्रोहीहरूको विचारधाराका यस्ता सबै अभिव्यक्तिहरूले लाल सेनाको उचित अभिभाराहरू पूरा गर्नमा बाधा पुऱ्याउँछन्। त्यसैले त्यसको उन्मूलन गर्नु लाल सेनाको पार्टीसङ्गठनभित्र हुने विचारधारात्मक सङ्घर्षको एउटा महत्वपूर्ण उद्देश्य हुन्छ। के कुरा बुझ्नुपर्छ भने वर्तमान अवस्थामा व्हाङ छाओ वा लो छ्वाङ खालका घुमक्कड विद्रोहीहरूका तरिकाहरूलाई छुट दिन सकिँदैन।

यसलाई सुधार्ने उपायहरू निम्न हुन् :

१. शिक्षालाई जोडदार रूपमा बढाऊ, गलत विचारहरूको आलोचना गर र घुमक्कड विद्रोही दलहरूको विचारधारालाई निर्मूल पार। २. लाल सेनाका आधारभूत दस्ताहरूको बीचमा र हालै भर्ती गरिएका बन्दीहरूका बीचमा आवारा दृष्टिकोणका विरुद्ध शिक्षालाई जोडदार रूपमा बढाऊ। ३. लाल सेनाको वर्गबनौटलाई फेर्नका लागि सङ्घर्षमा अनुभव बटुलेका सक्रिय मजदुर र किसानहरूलाई त्यसका पङ्क्तिहरूभित्र ल्याऊ। ४. लडाकु मजदुर तथा किसानहरूका समुदायहरूका बीचबाट लाल सेनाका नयाँ टुकडीहरू बनाऊ।

**विप्लववादका अवशेषहरूका सम्बन्धमा**

लाल सेनाको पार्टीसङ्गठनले विप्लववादको विरुद्ध सङ्घर्ष पहिले नै चलाइसकेको छ, तर पर्याप्त मात्रामा चलाइएको छैन। तसर्थ, यस विचारधाराका अवशेषहरू लाल सेनाभित्र अझ पनि विद्यमान छन्। निम्न रूपहरूमा यसको अभिव्यक्ति हुन्छ : १) आत्मगत तथा वस्तुगत अवस्थाहरूलाई बेवास्ता गरी आँखा चिम्लेर काम गर्नु, २) सहरका लागि निर्धारित पार्टीका नीतिहरूलाई अपर्याप्त र फितलो ढङ्गबाट कार्यान्वित गर्नु, ३) सिथिल फौजी अनुशासन –खासगरेर पराजयको बेलामा, ४) केही टुकडीहरूद्वारा घर जलाउने काम गरिनु, ५) भगुवाहरूलाई गोली हानेर मार्ने चलन र शारीरिक सजाय दिने चलन– यी दुवै चलनमा विप्लववादी प्रवृत्ति प्रकट भएको छ। सामाजिक उत्पत्तिको दृष्टबाट हेर्ने हो भने विप्लववाद लम्पट-सर्वहारा विचारधारा र निम्नपुँजीवादी विचारधाराको मेल हो।

यसलाई सुधार्ने उपायहरू निम्न हुन् :

क. विचारधारात्मक रूपले विप्लववादलाई निर्मूल पार। ख. नियम, नियमावली तथा नीतिहरूद्वारा विप्लववादी व्यवहारलाई सच्याऊ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# ऐतिहासिक भौतिकवादको क्षेत्रमा मार्क्सको योगदान



- हस्तबहादुर के.सी.


'मार्क्सको ऐतिहासिक भौतिकवाद, वैज्ञानिक चिन्तनको महान उपलब्धि थियो । त्यसपछि इतिहास र राजनीति सम्बन्धि धारणाहरुमाथि जुन अवस्था र भाँडभैलोले रजाई गरेको थियो, त्यसका ठाउँमा अब निर्णायक रुपमा पूर्ण र सुसंगत वैज्ञानिक सिद्धान्त स्थापित हुन आयो ।'

**– भी.आई. लेनिन**

मार्क्सवादको अभ्युदय हुनुभन्दा पहिलो परापूर्वकालदेखि मानव समाजका सर्वोत्तम चिन्तकहरूले 'मानिसद्वारा मानिसको शोषण र उत्पीडनबाट मुक्त हुने, आफ्नो उत्पादनको मालिक आफै हुने, सुखी र समृद्ध समाजको निर्माण गर्ने' परिकल्पना गर्दै आए र यस विषयमा गिजों, थिएरी, मिन्ये, एडम स्मिथ, डेविड रिकार्डो, सेन सिमोन, फूरिये, ओवेन र काण्ट जस्ता विश्वका तमामखाले विचारकहरूले न्याय र समानताको आधारमा समाजको निर्माण कसरी गर्न सकिन्छ भन्ने अनेकौंथरिका परिकल्पना र सिद्धान्तहरू प्रस्तुत गरे । तर ती सबै विचार र सिद्धान्त समाज विज्ञानका नियम र वास्तविक परिस्थितिमा आधारित नभई पवित्र इच्छा र कल्पनामा आधारित थिए । ती विचारहरू तथा सिद्धान्तकारहरूले वास्तविकरूपमा समाजिक शोषण र उत्पीडनबाट कसरी मुक्त हुने र न्याय र समानतामा आधारित समाजको निर्माण कसरी गर्ने भन्ने सम्बन्धमा सटिक र वैज्ञानिक जवाफ प्रस्तुत गर्न सकेका थिएनन् ।

मानव जातिको विकास जब पूँजीवादमा परिणत भयो तब सर्वहारा वर्गको सङ्घर्ष समाज विकासको मुख्य बाहक बन्यो । ऐतिहासिकक आवश्यकताका रूपमा वर्गीय शोषण र उत्पीडनबाट मुक्त हुने उपाय र न्यायपूर्ण समाजमा संक्रामण हुने नियम, तरिका र तीनका स्वरूपका बारेमा उद्घोषण गर्दै कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले सन् १८४८ मा कम्यूनिष्ट घोषणा पत्रको निर्माण गरे । कम्युनिष्ट घोषणा पत्रले अभिव्यक्त गरेका विचार र सिद्धान्तले विश्वभरिका मजदुर तथा सर्वहारा वर्गको हितलाई वैज्ञानिक आधारमा पुष्टि गर्ने काम गरिरहेकै छ । मार्क्स-एंगेल्सले जारी गरेको यो घोषणापत्रको आधारमा संसारभरिका कम्युनिष्टहरूले आफ्नो देशको सामाजिक परिस्थितिको विश्लेषण गर्दै त्यस सिद्धान्तलाई लागू गर्ने प्रयत्न गर्दै आएका छन् । यो क्रान्तिको विज्ञानसम्बन्धी कम्युनिष्ट घोषणापत्रको निर्माण गर्नुभन्दा पहिले मार्क्स र एंगेल्सले आफूभन्दा पूर्ववर्ती राजनैतिक, आर्थिक तथा दार्शनिक ज्ञानको प्रशस्त मात्रामा अध्ययन गरेर त्यसैको निष्कर्षका रूपमा मार्क्सवादको प्रतिपादन भयो । यस शास्त्रीय जर्मन दर्शन, फ्रान्सिसी समाजवाद र अंग्रेज अर्थशास्त्रको उच्चतम विकास र मार्क्सका रूपमा ऐतिहासिक प्रतिभाको समन्वयले भौतिकवाद, ऐतिहासिक भौतिकवाद, वर्गसङ्घर्ष, अतिरिक्त मूल्यको सिद्धान्त र वर्गविहीन समाजको निर्माण ।

मार्क्स र एङ्गेल्सले आफूभन्दा पहिलेको विकसित भएका समाज विज्ञानका नियमहरूलाई सर्वहारा श्रमजीवी वर्गका जनताको हितका निम्ति सुसंगठित गर्दै उनीहरूको क्रान्तिकारी आन्दोलनमा जोड्ने काम गरेको हुनाले मार्क्सवाद विश्वभरिका मजदुर वर्गका मुक्ति, आन्दोलनको वैचारिक हतियार एवम् मार्गदर्शक सिद्धान्त सावित भयो । उन्नाइसौं



शताब्दीको आरम्भमा जर्मनमा नयाँ-नयाँ भौतिकवादी दार्शनिक मान्यताहरू देखापरे । खास गरेर जर्मन शास्त्रीय दर्शनका रूपमा जार्जी हेगेलको द्वन्द्ववाद र लुडविक फायखाखको भौतिकवादी दर्शनका मूल्यवान तथा सुसंगत विचारहरूलाई आत्मासात् गरेर मार्क्स-एंगेल्सले द्वन्द्वात्मक भौतिकवादी दर्शनको विकास गर्नुभयो ।

मार्क्सवादका प्रवर्तक मार्क्सको महान वैज्ञानिक देन केमा निहित छ भने उहाँहरूले प्रकृतिको मात्र नभएर समाजको समेत विकासको द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणको व्याख्या र विश्लेषण गर्नुभयो । यसप्रकारले उहाँहरूले सामाजिक विकासको एकमात्र वैज्ञानिक सिद्धान्त-ऐतिहासिक भौतिकवादको सिर्जना गर्नुभयो । सामाजिक विकासलाई नियन्त्रित गर्ने नियमहरूका सिद्धान्तका रूपमा ऐतिहासिक भौतिकवादको स्थापना गर्नुभयो । यो विज्ञानले मानिसहरू किन र कसरी इतिहासका निर्माता बन्छन् भन्ने व्याख्या प्रस्तुत गरेको छ । यस प्रकारले इतिहासको वास्तविक, वैज्ञानिक, भौतिकवादी अवधारणाको रूपमा ऐतिहासिक भौतिवादको अभ्युदय भयो । समाजको विकास भनेको नै एउटा सामाजिक-आर्थिक व्यवस्थाको ठाउँमा अर्को बढी नियमित व्यवस्थाको नियमित परिवर्तन हो भन्ने वैज्ञानिक व्याख्या गर्दै मार्क्सले आदिम साम्यवादी व्यवस्थाबाट दास प्रथात्मक र त्यसपछि क्रमशः सामन्तवादी तथा पूँजीवादी व्यवस्था हुँदै अन्त्यमा साम्यवादी व्यवस्थातर्फ मानव इतिहासको प्रगतिशील गति चलिरहनेछ भन्ने वैज्ञानिक तथ्यहरूको पेश गर्नुभयो ।

ऐतिहासिक भौतिकवादको प्रतिपादन गर्दै मार्क्सले इतिहासका वास्तविक निर्माता जनसमुदाय र श्रमिकहरू नै हुन् भन्ने कुरा प्रमाणित गर्नुभयो । जनताको श्रमद्वारा नै मानिसहरूलाई चाहिने सबै भौतिक मूल्यहरूको उत्पादन हुन्छ । श्रम नै मानव जातिको जीवन र विकासको निम्ति नभई नहुने कुरा हो भन्ने अकाट्य प्रमाण पेश गर्नुभयो । युग विकासक्रमको व्याख्या गर्दै 'आजसम्मको इतिहास वर्गसङ्घर्षको इतिहास हो' भन्ने पुष्टि गर्नुभयो ।

मार्क्स र एंगेल्सले समाजको इतिहासका वस्तुगत नियहरू मानिसका क्रियाकलापमार्फत प्रकट हुन्छ भन्ने सिद्धान्त अगाडि सार्दै समग्ररूपमा मानव जातिले पहिलो पाइला चालेदेखि आजसम्म चार प्रकारका सामाजिक र आर्थिक संरचनालाई पार गरेको छ । आदिम साम्यवादी युग, दास प्रथात्मक युग, र पुँजीवादी संरचनाको युगसम्म विकास भइसकेको छ । आज हामी अर्को संरचनामा संक्रामणको युगमा बाँचिरहेका छौं । यो संक्रमणको पहिलो चरण सामजवाद हो र अन्तिम चरण साम्यवाद हो । आजको युग सर्वहारा वर्ग र साम्राज्यवादीबीचको भीषण वर्गसङ्घर्षको युग हो । मार्क्सवादी सिद्धान्तअनुसार पूँजीवादी-साम्राज्यवादको पतन र सर्वहारा र श्रमजीवी वर्गको जीत अवश्यंभावी छ । ऐतिहासिक भौतिकवादको सिर्जना गर्न मार्क्सको मौलिक विशेषता रहेको छ । यो नै मार्क्सको प्रमुख देन हो र जुन सिद्धान्तअनुसार आज मानव समाज क्रमिकरूपले परिवर्तनशील चरित्र बोकेर अगाडि बढिरहेको छ र संक्रमणको डिलमा उभिएको छ ।

अन्त्यमा, कमरेड माओ अगाडि भन्नुहुन्छ- ' वर्गहरु संघर्ष गर्छन, केही वर्ग विजय पाउँछन् अरुहरु निर्मूल हुन्छन् । इतिहास यस्तै छ, सभ्यताको हजारौं वर्षको इतिहास यस्तै छ । यस दृष्टिबाट इतिहासको व्याख्या गर्नु नै ऐतिहासिक भौतिकवाद हो, यस दृष्टिको विपरित उभिने विचारधारा ऐतिहासिक मार्क्सवाद हो ।'

उपर्युक्त माओको भनाइ सबै मालेमावादीहरुका निम्ति गहन शिक्षा सावित भएको छ ।

◆ झर्रोटर्रो ✍ कैलुब्राह

## शक्तिको तुजुक

एमाले, राजमो, नेमकिपा र माले लगायतका नौदलेहरूले शुक्रबार राजधानीमा आफ्नो शक्तिको तुजुक देखाए । नौदले भनिए पनि त्यो खासमा एमालेको एकलदलीय शक्तिको तुजुक थियो । अरू दल त एमालेको फेरो समाएर बैतरणी तरेका मात्र हुन् । जे होस् उनीहरूले काङ्ग्रेमाके (काङ्ग्रेस + माओवादी केन्द्र)को सरकारलाई तुजुक देखाएरै छाडे । दुईलाखे तुजुकको हवाला दिए पनि सरकारी सुरक्षाकवचले त्यसलाई पचास साठी हजारको तुजुक भनेर होच्यायो । सायद आफ्नो मालिक रिझाउन पनि त्यसो भने होला । जे होस् आफ्ना दुइपैसे देखि चवन्नीसम्मका कारिन्दाहरूलाई हाँजिर गरायो एमालेले । झारामा नगए खारा तिराउने उर्दी जारी गरेर कारिन्दाहरू मैदानमा ओराल्यो । सरकारको नुनपानी खाएका सरकारी कारिन्दादेखि जल, जमिन, जंगल, जडिबुटी, सहकारी, शिक्षा र स्वास्थ्य क्षेत्र ओगटेर निर्माण गरिएका एनजिओ आइएनजिओको ढडिया थापेर डलर डकार्नेहरू पनि हातहातमा सूर्यको झण्डा समाएर जुलुसमा ओइरिए । यसपटक एमालेले अरू आठदलेहरूलाई समेत आफ्नो पुच्छर समाउन लगाएर लतार्‍यो ।


सरकारले संसदमा संविधान संसोधनको कुटिरो खोल्ने धाक धक्कु लगाएपछि तुजुक देखाउने दलहरू सन्किएका हुन् । विशालसभा नाम दिइएको त्यो शक्तिको तुजुकमा मुख्य वक्ता पनि एमालेकै उखानप्रसाद थिए । शेयरको पन्चानब्बे प्रतिशत लगानी एमालेको भएपछि सभाको शेर पनि उसैको हुने कुरा त जानेमानेकै कुरा भयो । आखिरमा एमालेले चुनावी रन्को देखायो ।

शक्तिको तुजुक देखाउनु पर्ने कारणमा संसदमा पेस गरिने भनिएको संविधान संसोधनको विषय भएता पनि खास मक्सद सरकारका विरुद्ध परिलक्षित थियो । गुज्जर भैयाको आर्शिवाद थापेर आफूलाई घोक्रेठ्याक लगाएर सरकारबाट निकाला गरेपछि उखानप्रसादलाई हुनसम्मको रिस त उठेकै थियो । के निहुँ पाउँ र कनिका बुकाउँ भएर छटपटिएको एमालेलाई सरकारलाई तुजुक देखाउने राम्रो मसला संविधान संसोधन बन्यो । संसोधनको विरोध पनि नागरिकता प्रकरण र भाषाको विषयमा चाहिँ नगर्ने रे, पाँच नम्बर प्रदेशबाट लुम्बिनीलाई टुक्राउने मुद्दामा मात्र गर्ने रे । कस्तो गजबको कुरा । शक्तिको तुजुकमा उखानप्रसाद कुर्लिए 'सरकारले अखण्ड लुम्बिनीलाई टुक्राएर राष्ट्रियतामा गम्भीर खेलबाड गरेको छ । यो कुरा हामी जस्ता घोर राष्ट्रवादीहरूलाई किमार्थ मान्य छैन ।' उनले विगतको कुरा स्मरण गराउँदै भने 'मेरै पहलमा एमाले समेतले माहाकाली नदी छिमेकी मित्रराष्ट्रलाई चढाएकै हो, उसले सीमामा अतिक्रमण गरिरहँदा पनि हामी चुप लागेर बसेकै छौँ । अपर कर्णाली, कोशी ड्याम, अरूण तेस्रो, विप्पा र छिमेकीको दुतावासले हाम्रो मुलुकाँ उधुमपत्ताल मच्चाउँदा पनि हामीले स्वागतै गरेका छौँ । हाम्रो यो स्वामीभक्तीलाई हेपेर अहिले लुम्विनी टुक्राउने कुरा उताको आदेशमा गर्ने ? (तरररर तालि गड्कियो) हामीले प्रयोग नगरेर त्यत्तिकै बगेर उतै जाने नदीहरू हामीलाई काम छैन । हाम्रा युवा जति सबै विदेश गइसके, खेतबारी जोत्ने मान्छे कोही नभाबेला जमीन पनि छिमेकीले हडपे पनि हामीलाई खासै मतलब छैन । तर लुम्विनी टुकारेर हामीलाई पाँच नम्बर प्रदेशबाट मुख्मन्त्री बन्ने अवसर छुटाउने षड्यन्त्रलाई हामी घोर विरोध गर्छौं । लुम्विनी हाम्रो पार्टीको भागमा परेको होइन ? हिज १६ बुँदे सम्झौता गर्ने बेला काँग्रेस, एमाले, एमाओवादी र गच्छदारले आआफ्नो पार्टीका लागि मुख्यमन्त्री भाग लाएको होइन ? ऐले आएर खोलो तर्ने लौरो विर्सने गर्न यो सरकारलाई कस्ले दियो अधिकार ? जबसम्म लुम्विनीलाई अखण्ड राखेर संसोधन ल्याइँदैन तवसम्म हामीले सडक छोड्दैनौँ सदन चल्न पनि दिँदैनौ । (तरररर ताली बज्यो)' उनले भाषण सकेपछि अर्का उखानबहादुरको बोल्ने पालो आयो ।

आफ्नो पार्टीका देशभरीका जन्मेदेखि माथि जान तयार भएका बूढाबूढीसम्मका रैति मिसाउँदा पनि यति मान्छे जमघट नहुने राजमोका लागि यो शक्तिको तुजुक मौकामा चौका पर्‍यो । अर्कालि जम्मा परिदिएको भीडमा भाषण गर्न पाउनु उखानबहादुरहरूका लागि मामाको धन फुपूको श्राद्धे जस्तै हो । जन्मजात संघियताका विरोधी उखानबहादुरले मौकाम चौका हान्दै थर्काए 'यो खाए खा नखाए घिच भनेर माओवादीले ल्याएको संघीयता ऐले उसैलाई घाँडो भओ छ । हाम्ले त पैले नै भन्या थिम् यो संघीयता नेपालाँ टिक्नै सक्दैन । ऐले यो संसोधन विधेयक आफ्ना मालिकलाई रिझाउना लागि ल्याइएको हो । त्यसैले हाम्ले यस्लाई मान्नु पर्ने कुनै दर्कार छैन । जात जात लडाएर शासन गर्ने तरिका फेल भैसको । अब यो विधेय फिर्ता ल्याएर पुरानै संविधान जारी गरे हुन्च ।'

एमालेले देखाएको तुजुकले सरकारमा खैलाबैला मच्चियो । सरकारको नेतृत्व गरेका सुप्रिमो बिलखवन्दमा परे । उनलाई अहिले निलनु न ओकल्नु भएको छ । विधेयक फिर्ता लिने हो भने नजिक नजिक आउन थलेका मधेशवादीहरू टाढिने र गुज्जर भैयाले उकासेर आफ्नो सरकारै ढल्ने हो कि भन्ने चिन्ता, फिर्ता नलिएर अगाडि बढाउने हो भने एमालेले सडक र सदन कब्जा गरेर पनि कुर्ची ढालिदिने खतरा । यसरी प्रधानमन्त्री अहिले अगाडि जाउँ तगारो पछाडि हटौँ भीरको अवस्थामा अड्किएका छन् । २४ पुस २०७३

# के हुन सक्छ अबको निकास ? एक छलफल



**अशोक लम्साल 'अनुकुल'**

नेपाली नयाँ जनवादी क्रान्ति महान् जनयुद्ध, वर्ग संघर्ष छोटै अवधिमा घनिभुततासँगै एकपछि अर्को विजय हासिल गर्दै स्थानीय तहमा प्रतिक्रियावादी सत्तालाई विस्थापित गरेर जनसत्ता, प्रतिक्रियावादी प्रशासनलाई विस्थापित गरेर जन मिलिसिया योंग कम्युनिष्ट लिग, प्रतिक्रियावादी शाही नेपाली सेनालाई विस्थापित गरेर जनमुक्ति सेना (पीएलए) आधार इलाका, आधार इलाकाहरुमा जनकम्युन, जनसहकारी, साझा सहकारी पसल, जनवादी शिक्षाका जनशिक्षालय (स्कुलहरु), केही उद्योगहरु, नयाँ संस्कार-संस्कृति, जनताका जनकलाकार नयाँ सभ्यता, अनुशासन विधि-पद्धति सबै क्रमिकतामा स्थापित हुदै गइरहेका र सबै राम्रैसँग सञ्चालित एवं परिचालित हुँदै गएका थिए र मुलुक नयाँ दिशातिर अघि बढिरहेको थियो ।

ठूला भनिएका प्रमूख संसदीय पूँजीवादी राजनीतिक पार्टी नेपाली काँग्रेस र नेकपा एमाले विस्थापित हुँदै गैरहेको र तिनको मूख्य नेतृत्व गिरिजाप्रसाद कोईराला र माधव कुमार नेपाल स्थान हदम्याद तोकिएर नजरबन्दमा थिए । अरुहरुको त झन न कुनै स्थिति न हैसियत केही थिएन । अहिले नाममा १०० भन्दा बढी नै होलान राजनीतिक पार्टीहरु । यी सबै-सबैलाई आफ्नै दाजुको वंश विनाश गरेर बदनाम ज्ञानेन्द्र शाह उसैको हातमा केन्द्रीय सत्ता र एउटा शक्ति तथा जनताको काखमा हुर्किएको महान् जनयुद्धबाट स्थापित त्याग, तपस्या, बलिदान देश र जनताको निमित्त सम्पूर्ण रुपमा समर्पण सहित स्थानीय तहमा जनताको जनसत्ता स्थापना गरी सञ्चालन गरिरहेका नेकपा (माओवादी) वैकल्पिक शक्तिको रुपमा उदाएको थियो । नेपाली राजनीतिका संसदवादी पार्टीहरु नेपाली काँग्रेस, नेकपा (एमाले) समेतका सबै-सबैलाई ज्ञानेन्द्र शाहले सिध्याईसकेका थिए । नेकपा (माओवादी) लाई मात्र उनले केहि गर्न सकेका थिएन र सक्दैन थिए पनि । यी सबैलाई अहिले यो अवस्था र हैसियतमा कसले ल्याई दियो ? माओवादी जनयुद्ध, वैकल्पिक जनसत्ता, वैकल्पिक सेना, जनताको सशस्त्र बल थियो र पो यो स्थानमा आए, यो कुरा यति छिटो बिर्सन पाईन्छ ? अहिले माओवादीलाई गाली गर्न सुहाउँछ ? युवाशक्ति, क्षमता, प्रतिभा सबै विदेश पलायन भैरहेको छ । त्यो श्रम शक्ति नेपालमै नेपाल र नेपालीको निमित्त प्रयोग गर्न सक्नुपर्छ । हाम्रो मुलुक स्रोत साधनले परिपूर्ण छ, अथाह प्राकृतिक सम्पदा छन् । यो सबै विदेशीको कब्जामा पार्दैछन् ।

मालेमावादी विज्ञानलाई दह्रोसँग पकडेको माओवादी पार्टी नेपाली जनताको अपार माया, व्यापक समर्थन थिदै थियो । केहि सदरमुकामका प्रमुख शहर (जहाँ प्रतिक्रियावादी सुरक्षा निकायका सबै अंग केन्द्रित थियो) बाहेक साना शहर र सम्पूर्ण ग्रामिण इलाका अर्थात ८० प्रतिशत भूगोल माओवादीको नेतृत्वमा जनताकै कब्जामा थियो । न्याय, स्वतन्त्रता र स्वाभिमानी नेपालीलाई सदियौं दैखि शोषण, दमन र उत्पीडन गर्दै आइरहेका सामन्त, जली, फटाहा, दलाल नोकरशाही पूँजीपति वर्ग अर्थात वर्गबैरीहरु जनताको बिचमा टिक्न नसकेर विदेशतिर, अडिनसक्नेहरु राजधानी र ठूला प्रमुख शहरहरुमा विस्थापित भैसकेका थिए । यो स्थितिलाई कसैले नकार्न सक्छ ?

बस्तु सप्रनु बिग्रनुको प्रमुख कारण आन्तरिक हन्छ र वाह्य कारण सहायक नै हुन्छ, यहि भन्दछ विज्ञानले । आन्तरिक रुपमा मजबुत भइसकेको माओवादी शक्तिलाई बाह्य शक्तिले तत्कालै क्षति पुर्‍याउने अवस्थाम थिएन भने घरेलु प्रतिक्रियावादी, सामन्त, दलाल नोकरशाही पुँजीवादी वर्ग यसै पनि आछु-आछु भइसकेका थिए । केहि प्रजातान्त्रिक शक्ति, देशभक्त राष्ट्रिय पुँजीपति वर्ग अर्थात संसदवादी शक्तिहरु गहिरो सोच र चिन्तनमा माओवादीसँगै हातेमालो गर्ने स्थितितर्फ पुगिसकेका थिए । यो पनि सत्य हो । यद्यपि विकशित अवस्थामा नजाने, अरुकै मन्त्रणा र नीति निर्देशनमा वर्ग संघर्षको नेतृत्व गरिरहेका प्रचण्डले सनककै भरमा एकाएक योजनाबद्ध ढंगले महान जनयुद्धबाट प्राप्त सम्पूर्ण उपलब्धिहरु सम्पूर्ण रुपमा मिल्काएर निमिट्यान्न पारी सिङ्गो माओवादी आन्दोलन र माओवादी शक्तिलाई धुजा-धुजा बनाएर विदेशी साम्राज्यवादी-विस्तारवादी शक्ति केन्द्रको निर्देशनमा प्रतिगामी, संसदवादी शक्तिसँग घाँटी जोड्दै प्रतिक्रियावादी पुरानै सत्ता (बुर्जुवा गणतन्त्रको सत्ता) को बागडोर सम्हालेर सिंगो माओवादी क्रान्तिकारी शक्तिलाई संसदीय आहालमा चुर्लुम्म ढुबाएर समाप्तै पार्ने कसरत गरे र गर्दै पनि छन् ।

नेपाली जनयुद्धको महान् प्रक्रियाबाट आएका डा.बाबुराम भट्टराई पनि यही दिशामा पुगे र अहिले एउटै दिशामा रहेका प्रचण्डलाई सत्तोसराप गरिरहेका छन् भने रामबहादुर थापा 'बादल', देव गुरुङलगायतका नेताहरु प्रचण्डको टाँङमुनी छिरेर संसदवादको सेवा गर्ने बाचा कबुल गर्दै मज्जाले संसदीय आहालमा पौडी खेल्दै छन् । क्रान्तिकारी भनिएका विप्लवको अवस्था पनि त्यो भन्दा फरक छैन । उनी त झन कता, किन, कसरी र के का लागि चर्को कुरा गर्दै क्रान्तिकारी पार्टी, विचार, सिद्धान्त र कार्यदिशालाई लत्याएर भागे । संसदवादमा फसाइएको, माओवादी पार्टीबाट क. किरणको नेतृत्वमा विद्रोह गरेर आएको र ऐतिहासिक विचारका आधारमा क्रान्तिकारी कार्यदिशा, सोहि अनुसारको कार्यनीति र कार्ययोजना सहित कार्यन्वायनमा अघिबढिसकेको नेपालको क्रान्तिकारी कम्युनिष्ट पार्टी नेकपा-माओवादी (जो राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमा स्थापित भै सकेको थियो । यो पार्टीबाट नेपाली जनताले ठूला आशा र भरोसा समेत गरेका थिइ) बाट भागेर एउटा टिमलाई भ्रमित पार्दै क्रान्तिकारी पार्टी र नेपाली क्रान्तिलाई कमजोर बनाउन पुगे र नेपाली जनवादी क्रान्तिलाई केहि पर धकेली दिए ।

नेपाली कम्युनिष्ट आन्दोलनलाई यो अवस्था र स्थिति सम्म पुर्‍याउने जनताको आस्था र विश्वासलाई पैतलामुनी कुल्चेर वर्ग संघर्षबाट आएको ठूलै पंक्तिलाई संसदीय दल-दलमा उम्कनै नसक्ने गरी फँसाउने श्रेय प्रचण्डलाई नै जान्छ । नेपाली क्रान्तिलाई प्रतिक्रियामा बदलेर नेपाल, नेपाली र नेपाली क्रान्ति प्रति ठूलो धोका दिने साहसिक कदम उनले नै चालेका हुन् । यही संसदीय सत्तामा बसेरै पनि कम्तीमा थोरै सुधारात्मक कामबाट जनतालाई राहत दिन सकिन्थ्यो । तर, त्यता पनि कुनै सिन्को भाँच्ने काम भएन । अहिले साम्राज्यवादी, विस्तारवादी शक्ति सामू घुडा टेकेर लम्पसार ... *बाँकी ७ पेजमा*

# नोबेल पुरस्कारलाई गिज्याउँदैछ रोहिंग्याको रोदनले



केशरमणि कटुवाल

संसारकै दानवीर मुलुकको सूचीमा एक नम्बरमा देखाइएको म्यानमार यतिबेला प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीको नेतृत्वमा छ। गत वर्षको सुरुमा भएको निर्वाचनमा अत्याधिक बहुमत ल्याउन सफल भएपनि त्यहाँको कानुन अनुसार सुकी राष्ट्रपति हुन नपाउने भएपछि आफ्ना विश्वास पात्र हतिन क्यावलाई राष्ट्रपति बनाएर आफू राज्य सल्लाहकारको रुपमा म्यानमारको बागडोर सम्हालिरहेकी छन्। दशकौं लामो निरंकुश शासनपछि म्यानमारमा प्रजातन्त्र बहाली भएको भन्दै संसारभरीका प्रजातन्त्रवादीहरुले खुसियाली नै मनाएका थिए। तर, प्रजातन्त्रसँग पटक्कै मेल नखाने गरी म्यानमारको सुरक्षाफौजमाथि चाँहि किन सधैं रोहिंग्या समुदायमाथिको आमहत्या, बलात्कार, अत्याचार गरेको आरोप लागिरहन्छ ? त्यतिमात्रै होइन सुरक्षाकर्मीले त्यसक्षेत्रमा सहायताकर्मीलाई समेत जान दिँदैनन्। संसारकै दानविर देशको सीमाभित्र बस्ने जनता किन नागरिक मानिदैनन्, कष्टप्रद जीवन गुजार्न बाध्य छन्। यो विषयले घरीघरी मन चसक्क पारिरन्छ। संसारकै सबैभन्दा उत्पीडित समुदायमा परेको सुन्नी मुस्लिम समूह रोहिंग्या जो शताब्दियौंदेखि म्यानमारको भूमिभित्र बसिरहेको छ, तर त्यो दानविर देशले आफ्नो नागरिक मान्ने सम्म साहस गर्न सकिरहेको छैन। अझ जब निरंकुश भनिएका राजतन्त्रात्मक र सैनिक शासन व्यवस्था तथा दोस्रो विश्वयुद्धको महाभुमरीमा जापानी साम्राज्यवादको उपनिबेश बन्दाको समयमा भन्दा पनि जबजब प्रजातन्त्र बहालीको समय आयो तब, रोहिंग्या समुदायको वस्ती जलाईयो, महिलाहरुलाई बलात्कार गरियो, जातीय नरसंहार नै मच्चाइयो अनी कुटपीट गर्दै लखेट्ने प्रयत्न बारम्बार भइरहन्छ। एकाथरी चचाए छ, रोहिंग्या संकटका कारण क्षेत्रीय सुरक्षा, मानवीय संकटसहितका चिन्ता पैदा गरिदिएको छ। तर, त्यसलाई समाधान गर्ने दिशातर्फ भने एक कदम पनि अघि बढ्न सकेको छैन।

**म्यानमारका 'एलेन कुर्दी'**

सेप्टेम्बर २०१५ मा सिरियाबाट भाग्दै गरेका शरणार्थी बालक एलेन कुर्दीको शब टर्कीको सामुद्रिक किनारामा घोप्टो परेको अवस्थामा भेटिएपछि त्यसले संसारभरी चर्चा मात्रै पाएन, सिरियाको युद्धको प्रभावको वास्तविक चित्र पनि संसारसामु छर्लंग भयो। अहिले म्यानमारमा यस्तै प्रकारको घोप्टो परेको एक बालकको शब नदी किनारमा भेटिएको छ र एलेन कुर्दीलाई पुन सम्झाइदिएको छ। तर, अहिलेसम्म पनि कसैले किन बालकहरुलाई 'एलेन कुर्दी' बनाईरहेको छ र त्यस्ता गतिविधिलाई रोक्न किन कुनै संयन्त्र बन्न सकिरहेको छैन। यो चाँहि सोचनीय विषय हो। म्यानमारको रखाइनमा जातीय नरसंहारपछि शरणार्थीको रुपमा आफ्नी आमा, काका र ३ वर्षको दाजुसहित १६ महिने मोहम्मद शोहायत बंगलादेश भाग्दै गर्दा उनी चडेको डुंगा सीमा क्षेत्रमा दुर्घटनाको शिकार भएपछि उनी यस्तो अवस्थामा फेला परेका हुन्। एलेन कुर्दीको परिवार पनि सिरियाको गृहयुद्धका कारण देश छाडेर गइरहेको समयमा यात्रा पूरा हुन सकेन र टर्की नजिकै समुद्रमा डुब्न पुगेको थियो। म्यानमारमा पनि रोहिंग्या समुदायमाथि हत्या, बलात्कार र लुटपाटका घटना त्यहाँको सेनाले नै घटाउने गरेको छ। शोहायतको परिवार पनि बंगालादेश आउने क्रममा नाउमा डुब्यो। दुर्घटनामा उनको परिवारका कोही पनि बाँच्न सफल भएनन्। म्यानमारले रोहिंग्यालाई आफ्ना नागरिक मान्दैन र हजारौं बंगलादेशमा शरणार्थीको रुपमा आइसकेका छन्। म्यानमारले अवैध आप्रवासी बताउँदै आएको रोहिंग्या समुदाय शताब्दियौंदेखि रखाइनमा बस्दै आएको छ। सन् २०१२ मा भएको हिंसापछि मात्रै करिब १ लाख २० हजारभन्दा धेरै रखाइन प्रान्तमा अझै विस्थापित भएर आन्तरिक शरणार्थीका रुपमा बसोबास गरिरहेका छन्।

**को हुन् रोहिंग्या ?**

रोहिंग्या मुस्लिम समूहको विषय जुन नृशंस जनसंहार र लुटपाटपूर्ण कारबाहीपछि संसारको ध्यान केन्द्रीत भएको छ। तर यो अस्थायी विषय होइन। संयुक्त राष्ट्र संघसहित विश्वको सबैभन्दा अत्याचारग्रस्त अल्पसंख्यक रोहिंग्या मुसलमानबाहेक संसारमा कुनै पनि समूह सायद यस विषम परिस्थितिको शिकार भएको छैन। जुन देशमा उनीहरु शताब्दीयौं देखि बसिरहेका छन्, उनीहरुलाई सोही देशले नै आफ्नो नागरिक स्विकार गर्न र आधारभूत अधिकार दिन समेत अस्वीकार गरिरहेको छ। त्यतिमात्रै नभएर सिंगो देश नै जातीय हत्या र दमनमा उत्रिएको छ। पूर्व राष्ट्रपति थिन सेनले भनेका थिए, 'हामी आफ्नै जातिका मानिसको जिम्मेवारी लिन सक्छौं तर गैरकानुनी रुपमा छिरेका रोहिंग्या मुसलमानको जिम्मेवारी लिन असम्भव छ, जसले हाम्रो जातिसँग कुनै सम्बन्ध राख्दैन।' उनको यो भनाई गत केही वर्षयता रखाइन राज्यका बहुसंख्यक रोहिंग्यामाथि भइरहेको जनसंहार र लुटपाटको विषयमा राष्ट्रसंघका मानवअधिकार आयुक्त नभी पिन्लेले रोहिंग्याको अवस्थाका बारेमा चित्रित गरेको केही समयपछि आएको थियो। म्यानमारमा रहेका करिब ८ लाख मुसलमानलाई त्यहाँको सरकारले आफ्ना नागरिकको रुपमा स्वीकार गरिरहेको छैन। कुनै तेस्रो देशले स्वीकार गर्दछ भने हामी त्यहाँ पठाइदिन्छौं त्यो नै समाधान हो भन्ने गैरजिम्मेवार भनाईहरु त्यहाँको सरकारी स्तरबाट आउने गर्दछ। अब प्रश्न उठ्छ कि लाखौं मुसलमानहरु रातारात कसरी म्यानमार पुगे, जसलाई देशबाट निकालेर बाहिर पठाउनु मात्रै समाधान हो, कि यिनीहरुको पनि कुनै इतिहास छ ? उनीहरुको पनि एउटा अतित छ, पूर्वज को थिए र आरकानमा यी समुदाय कहिलेदेखि बस्न थाले जस्ता प्रश्नको प्रमाणित उत्तर खोज्न जरुरी छ। रोहिंग्या शब्द कहाँबाट आयो भन्ने बारेमा रोहिंग्या इतिहासकारमा मतभेद रहेको छ। केही व्यक्तिले भनेका छन् कि यो शब्द अरबी शब्द रहमा अर्थात दयाबाट आएको र आठौं शताब्दीमा अरब मुसलमान यस क्षेत्रमा आएका थिए र उनीहरुलाई यो नाम दिइएको थियो। स्थानीय प्रभावका कारण सोही शब्द अपभ्रंश भएर रोहिंग्या बनेको हो। तर अर्कोथरी इतिहासकारका अनुसार यसको स्रोत अफगानिस्तानको रुहा भन्ने स्थान हो। आरकानको तटवर्ती क्षेत्रमा बस्ने रोहिंग्या आफगानिस्तानबाट आएका मुस्लिम समुदाय हुन्। यसका अलवा बर्माका इतिहासकारका अनुसार रोहिंग्या शब्द २० औं शताब्दीको मध्यमा अर्थात १९५० को दशकअघि कहिल्यै प्रयोग भएको थिएन र यसको उद्देश्य उनीहरु बंगाली मुसलमान हुन् जो आफ्नो घर छोडेर आरकान पुगेर बसोबास गरे। यसैलाई आधार बनाएर म्यानमार सरकारले रोहिंग्यालाई नागरिक अधिकार दिन अस्वीकार गरिरहेको छ। तर यो दाबी सही होइन। किनकी रोहिंग्या शब्द १८ औं शताब्दीमा नै प्रयोगमा आएको ठोस प्रमाणहरु छन्। उनीहरुको बस्ती आरकारको मध्यवर्ती क्षेत्रमा रहेको छ। जबकी रोहिंग्या मुसलमानको जनसंख्या बंगलादेशको चटगाउसँग जोडिएको आरकान सीमावर्ती क्षेत्र मायोमा छ। आरकानमा बंगाली मुसलमान बसेको पहिलो प्रमाण १५ औं शताब्दीको चौथो दशकमा पाइन्छ। कतिपय स्थानमा १४०० को आसवासमा आएर आरकानमा बसेको र यिनीहरुमध्ये धेरैले १४३० मा आरकानमा शासन गर्ने बौद्ध राजा मिन सा मुनको दरबारमा काम गरेको तथा राजाले नै मुस्लिम सल्लाहकार राख्नुका साथै राजधानीमा प्रश्रय दिएको प्रमाण पाइन्छ। दोस्रो विश्वयुद्धका क्रममा म्यानमारमाथि जापानको कब्जापछि आरकानमा बौद्ध धर्मावलम्बीको रखाईन र रोहिंग्याबीच रक्तपातपूर्ण झडप भएको थियो। रखाइनका जनताले जापानीलाई सहयोग गरिरहेका थिए भने रोहिंग्या अंग्रेजको समर्थक थिए। यसकारण जापानले पनि यो समुदायमाथि अत्याचार गरेको थियो। जनवरी १९४८ मा बर्मा स्वतन्त्र भयो। दोस्रो विश्वयुद्धपछि १९४८ मा आरकानलाई स्वतन्त्र देश बनाउनका लागि संघर्ष समेत गरेका थिए। १९६२ मा जनरल नि विंगको सैनिक 'कु' सम्म आन्दोलन सक्रिय थियो। जनरल विंगको सरकारले रोहिंग्या मुसलमानमाथि व्यापक सैन्य कारबाही गरेपछि केही लाख मुसलमानले बंगलादेशमा शरण लिए। तिनीहरुमध्ये धेरैलाई पाकिस्तानले आफ्नो देशको नागरिकता दिएर आफ्नो नागरिक बनायो। मलेसियामा पनि रोहिंग्याको करिब ३० हजार जनसंख्या रहेको छ। बर्माका जनताको लामो संघर्षपछि तानशाहबाट देशले मुक्ति पायो। २०१२ मा भएको निर्वाचनमा प्रजातन्त्रवादी नेतृ आङ साङ सुकीको पार्टी नेशनल लिग फर डेमोक्रेसीले जित हात पार्‍यो। गत वर्षको निर्वाचनमा पनि अत्याधिक मत पाएर सोही पार्टीले अहिले देश हाँकिरहेको छ। तर, रोहिंग्याका लागि नागरिकताको ढोका अझै बन्द छ र उनीहरुमाथि निरन्तर अत्याचार जारी छ। यसले लोकतन्त्रबारे उनले दिने भनाई र गराईमा फरक पाइएको छ।





**रोहिंग्यामाथिको नरसंहार ढाकछोप प्रतिवेदन**

रोहिंग्या समुदायमाथि निरन्तर दमन र अत्याचार जारी रहँदा त्यसलाई ढाकछोप गर्नेगरी एउटा प्रतिवेदन आएको छ। संसारभरी सबैभन्दा उत्पीडनमा परेको यो समुदायमाथि भइरहेको ज्यादतीलाई आँखा चिम्लिएर ल्याइएको प्रतिवेदनलाई आराकान रोहिंग्या नेशनल अर्गनाइजेसन (एआरएनओ) ले ठाडै अस्वीकार गरेको छ। सरकारले गठन गरेको १३ सदस्यीय आयोगले रोहिंग्या समुदायमाथि अत्याचार नभएको दाबी गरेलगत्तै एआरएनओले त्यसलाई खारेज गरेको हो। अमेरिकास्थित ह्युमन राइट्स वाचले रोहिंग्या समुदायमाथि भइरहेको ज्यादतीबारे सार्वजनिक गरेको प्रतिवेदनलाई अस्वीकार गर्दै उनीहरूमाथि हिंसा नभएको दाबी सहित आयोगको प्रतिवेदन आएको हो। मुस्लिम अल्पसंख्यक समुदायका मानिसलाई प्रहरीले कुटिरहेको भिडियो सार्वजनिक भएको केही दिनपछि नै सार्वजनिक भएको यस प्रतिवेदनलाई सो समुदायको दर्दनाक अवस्थाले नै खारेज गर्छ। गत अक्टुबरमा म्यानमारको प्रहरी पोस्टमा आक्रमण भएसँगै प्रहरीले रोहिंग्या मुस्लिम समुदायमाथि दमन पुनः तिव्र पारेको थियो। सरकारी रिपोर्टमा भनिएको छ, 'अशान्त इलाकामा बंगाली जनताको यति ठूलो संख्या, उनीहरुका मस्जिद र धार्मिक भवनले नै नरसंहार या धार्मिक रुपमा प्रताडित गरिएको कुनै घटना छैन। महिला बलात्कारका पनि कुनै घटना भेटिएनन्, तर आगजनी, गैरकानुनी गिरफ्तारी र उत्पीडनको आरोपमाथि छानविन जारी छ।'

यस्तो प्रतिवेदन लगत्तै मानवअधिकारवादी क्रिस लेभाले आयोग सही जाँच गर्न असफल भएको बताएका छन्। उनी भन्छन्, 'छानविन आयोगले जुन तरिका अपनायो, त्यो विश्वसनीय छैन, पेशेवर छैन, गाउँमा गएर जनतासँग सोधपुछ गरिएको छैन। आयोगको काम घटनाको छानविन गर्नु थियो, सरकारको बचाउ गर्नु होइन, आयोगले त्यसो गरेन।'

**आईएस आक्रमणको चेतावनी**


म्यानमारमा रोहिंग्या मुस्लिम समुदायमाथि भइरहेको अत्याचारको पृष्ठभूमीमा त्यहाँ धार्मिक कट्टरपन्थी संगठन स्लामिक स्टेट (आईएस) ले आक्रमण गर्न सक्ने चेतावनी आएको छ। केही समयअघि प्रधानमन्त्रीकै नेतृत्वमा रोहिंग्या समुदायमाथि भइरहेको ज्यादतीविरुद्ध प्रदर्शन गरेको मलेसियाले म्यानमारमाथि आईएस आक्रमणको सम्भावना रहेको भन्दै सचेत गराएको हो। त्यहाँको प्रतिआतंकवाद सम्बन्धी इकाईले म्यानमारमा आक्रमणको योजना बनाइरहेका आईएसका दुई लडाकुलाई पक्राउ गरेपछि यस्तो खुलासा भएको हो। गत ९ अक्टुबरमा रखाइनमा प्रहरी चौकीमा आक्रमण हुँदा ९ प्रहरी मारिएका थिए। सो आक्रमणमा आईएसको संलग्नता नभएको म्यानमार सरकारले दाबी गर्दै आएपनि आईएस वा अन्य मुस्लिम समुदाय निकटका संगठनहरु रोहिंग्या समुदायलाई सहयोग गर्न म्यानमार जान सक्ने सम्भावनालाई नकार्न सकिदैन। किनकी आईसहितका चरमपन्थी संगठनको उद्देश्य नै मुस्लिम राज्य स्थापनासँगै सो समुदायको सुरक्षा गर्नु पनि हो। मुस्लिम बहुल देशहरु मलेसिया र इन्डोनेसियाले म्यानमारलाई रोहिंग्या समुदायमाथिको हिंसा रोक्न आग्रह गर्दै आएका छन्। रोहिंग्यामाथि भएको हिंसाका कारण यस क्षेत्रमा पनि आईएस तथा मुस्लिम कट्टरपन्थी समूहहरूका गतिविधि बढ्न सक्ने सम्भावना उत्तिकै छ।

**के छ वास्तविक अवस्था ?**

रोहिंग्या समुदायमाथि दशकौंदेखि सुरु भएको अत्याचार प्रजातान्त्रिक शासन व्यवस्थामा झनै चर्को बन्दै गएको छ। वस्तीहरुमा आगो लगाउनेदेखि महिला बलात्कारसम्मका घटनाले अत्याचारको सीमा नाघेको छ र यसका विरुद्धमा विश्वबाट आवाज समेत उठेको छ। गत सातामात्रै एक दर्जनबढी नोबेल पुरस्कार विजेताहरुले रोहिंग्याको विषयमा सुरक्षा परिषदमा निवेदन नै दिएका छन्। म्यानमारका सेनाको दमनबाट विस्थापित भई शरणार्थीको बाहिरिन लागेका जाफोर अलामजाफोर अलाम भन्छन्, 'हाम्रो गाउँमा हेलिकप्टरबाट गोलाबारी भयो, हामीले हाम्रो घर समेत भन्न पाएनौं। हामीहरु जंगलमा गएर बस्न बाध्य भयौं। मेरा हजुबुवा र हजुरआमाको जलेर मृत्यु भयो, हाम्रो सिंगो गाउँ नै सेनाले जलाईदियो। केही बाँकी रहेन।' सेनाले गाउँमा गरेको अत्याचारपछि रोहिंग्या मुस्लिम समुदायका जनताहरु आन्तरिक र बाह्य शरणार्थीका रुपमा जीवन विताउन बाध्य छन्। 'म ६ दिनसम्म निरन्तर हिँडे र चार दिनसम्म केही पनि खान पाइन, अनी ६ दिन नै भयो नसुतेको पनि,' उनले भने, 'हामीले हाम्रो वासस्थानलाई परिवर्तन गर्‍यौं किनकी सेनाले रोहिंग्यालाई खोजिरहेको छ।' मुस्लिम समुदायका व्यक्तिले म्यानमारमा भोगेको यो दुःखले नै उनीहरुको वास्तविक जीवनको चित्रण गर्दछ। बम, गोला बारुद धेरै इराक र सिरियामा विस्फोट भएर ध्वस्त पारिरहेको छ भने म्यानमारमा रोहिंग्याको त्यहाँभन्दा कम छैन। तर, त्यतातर्फ कसैको ध्यान केन्द्रित हुन सकेको छैन। सोही क्रममा जाफोरले आफ्नी श्रीमती र दुई छोरालाई गुमाउन पुगेका छन्। नदी तर्ने क्रममा उनका श्रीमती, ३ वर्षीय र १६ महिने छोरा चडेको डुंगा पल्टिन पुग्यो र पछि किनारमा उनको छोराको घोप्टो परेको अवस्थामा शब भेटियो, यसैलाई अहिले म्यानमारका एलन कुर्दीको रुपमा सामाजिक सञ्जालमा भाइरल भएको छ। 'कसैले मलाई फोन गर्‍यो र मेरो छोरा मृत भेटिएको सुनायो', उनी भन्छन्, 'उसले मोबाइल फोनले तस्बिर लियो र मलाई पठायो, म निशब्द भए। यो मेरा लागि धेरै कठिन कुरा थियो। उ उसका बाबुका लागि धेरै प्यारो थियो। मेरो छोरालाई सबै गाउनेहरुले माया गर्थे।' अहिले बंगलादेशमा शरणार्थी शिविरमा बसिरहेका उनीसँगै १८ वर्षीय बहिनी र १४ वर्षका भाई समेत साथमा छन्। म्यानमारबाट पछिल्लो महिनादेखि मात्रै ३४ हजार मानिस शरणार्थीको रुपमा बाहिरिएको अनुमान छ।

अन्त्यमा, म्यानमारमा रहेको ५ करोड ६८ लाख ९० हजार जनसंख्यामध्ये मुस्लिमहरुको ठूलो जनसंख्या रहेको रखाइनेमा मात्रै ३१ लाख ८८ हजार जनसंख्या रहेको छ। त्यसमध्ये ४० प्रतिशत रोहिंग्या मुस्लिम सम्प्रदायका रहेका छन्। समुद्रसँग जोडिएरर पनि रखाइनी राज्य यति पिछडिएको छ कि त्यहाँका ७८ प्रतिशत जनता गरिबीको रेखामुनी रहेका छन्। जबकी सिंगो देशमा गरिबीको दर ३७ प्रतिशत रहेको छ। यसले सो समुदायको अवस्था कति दयनीय छ भन्ने कुराको पुष्टि गर्दछ। सबै हिसाबबाट रोहिंग्या समुदायमाथिको उत्पीडन विश्वमै दर्दनाक घाउ र सभ्य भनिने समाजका लागि लज्जाको विषय हो। आफ्नो देशको भूगोलभित्र बर्षौंदेखि बस्दै आएका समुदायमाथि राज्यको दायित्व शून्य अवस्थाले गर्दा अहिले यस्तो दर्दनाक अवस्था सिर्जना भएको हो। यसको सुरुवातमा नै पनि भनिएको छ कि म्यानमारको शासन प्रणाली प्रजातान्त्रिक व्यवस्थाबाट सञ्चालित छ। तर प्रजातन्त्रको न्युनतम मूल्य मान्यता र नागरिकप्रतिको दायित्वबाट विमुख सरकारलाई विश्व समुदायले निद्राबाट ब्युझने गरी झक्झक्याउने बेला आएको छ। प्रजातन्त्रका लागि लामो संघर्ष गरेकी नेतृ सुकीले शान्तिका लागि नोबेल पुरस्कार पाएकी थिइन्। तर अहिले आफै सत्तामा हुँदा भने उनको नोबेल पुरस्कारलाई रोहिंग्याको रोदनले गिज्याइरहेको छ। रोहिंग्या संकट समाधानका लागि उनले खेल्ने भूमिकालाई विश्वले नियाल्नेछ।

# एमालेको राष्ट्रवादको यथार्थ र भ्रम



ईश्वरचन्द्र ज्ञवाली

*एमालेले पहाडविनाको २ नं. प्रदेशमा किन ल्याप्चे ठोक्यो ? कुरो झन् गम्भीर छ । त्यही गम्भीरतावीच सम्विधान ठूलो उपलब्धि भन्दै कार्यान्वयनको रडाको पनि मच्चाइएको छ । मधेस वा तराइमा पहाड नजोडिएको प्रदेश हुनासाथ देश टुक्रिने उसकोतर्क यहीं खण्डित हुन्छ । कुतर्क त जति पनि गर्न सकिन्छ । आखिर कुतर्क गरेर नै त जनतालाई छक्क्याउन सकिन्छ । एमालेले त्यही अश्त्र प्रयोग गरेको छ । यो उसको नक्कली राष्ट्रवाद र सामन्ती राष्ट्रवादको सार हो ।*

यतिखेर एमाले कट्टर राष्ट्रवादीका रुपमा चर्चामा रहिरहने खेलमा लागेको छ । नेपाली जनताको राष्ट्रियताको भावना, राष्ट्रिय अनुराग, राष्ट्रप्रेमको सम्वेदनमाथि खेलेर ऊ आफ्नो अतीतको राष्ट्रघाती कलङ्क मेटाउन सक्छु कि भन्ने कोसिसमा पनि छ । तर के ऊ अब साँचो अर्थमा राष्ट्रवादी हुने चाहना वा नियत राख्छ त गम्भीर प्रश्न उँभिएकोछ । नेपाली जनता यतिखेर देशभक्ति, राष्ट्रियता र मातृभूमिको अखण्डताप्रति बढी नै अनुरक्त र सम्वेदनशील छन् । उनीहरुको सार्वभौमिकता, स्वाधीनता, स्वतन्त्रताप्रतिको चेतना परम्परादेखि नै समृद्ध छ । आज विशेषतः जनयुद्धपछि त्यो चेतना अभूतपूर्व रुपमा जागृत भएको छ । यसो हुनुका पछाडि पनि कारणहरु छन् । जसमा भारतीय विस्तारवादको थिचोमिचो, शोषण, अतिक्रमण, मिचाहा प्रवृत्ति र प्रभुत्ववादी शैली, चिन्तन र व्यवहार मुख्य कारण हुन् । सँगसँगै मधेस आन्दोलन, त्यहाँका सशस्त्र समूह, मधेस छुट्टै राष्ट्रको माग, काठमाण्डुबाट सम्वन्ध विच्छेदको चेतावनी, अलग्गै देश बनाउने धम्की,मधेसबाट पहाडियाहरुलाई लखेट्ने र उनीहरुमाथि ज्यादतीपूर्ण ढङ्गले असुली, गर्ने जस्ता विकृति तथा उनीहरुलाई भारतले बोकेको आशङ्का जस्ता कुराले पनि त्यो भावनालाई अझ समृद्ध र दृढ बनाउँदै लगेको छ । हरेक मामलामा भारतीय हस्तक्षेप, सहभागिताको चाहना, अवरोध, नाकाबन्दी, सहयोग कटौती, धाकधम्कीका साथै सीमा मिचाइ,सीमास्तम्भ सार्ने काम, हाम्रो भूमि हडपेर राख्ने दादागिरी, बलमिचाइँ र क्षेत्रीय विस्तारवादी नियतले गर्दा भारतप्रति नेपालीहरुको शङ्का, अविश्वास, घृणा बढेर गएको हो । भारत सहयोग र सद्भावका नाममा नेपालको सम्प्रभुता हडप्न चाहन्छ भन्ने कुरा नेपालीका मनमा परेको छ । मुख्यतः यतिखेर ऊ नेपालका जलस्रोत र प्राकृत सम्पदा हडप्ने र सीमा मिच्ने अभियानमा छ । जसका प्रष्ट उदाहरण हुन्–महाकाली सन्धी, माथिल्लो कर्णाली सम्झौता, माथिल्लो मर्स्याङ्दी आयोजना, अरुण–३ सम्झौता लगायत अन्य नदीहरुका सम्झौताहरु । भारतीय सीमा सुरक्षा बलको कामधन्धा नै सीमा सार्ने, नेपाली भूमि मिच्ने, सीमास्तम्भ गायब गर्ने, दशगजा मिच्ने रहेको छ । यसरी उसले देशका दर्जनौं स्थानमा साँध सारेको छ । भर्खरै पनि उसले झापामा मात्र २६१ बिगाहा जमिन हडपेको छ र १९४ सीमास्तम्भ गायब गरेको देखिएको छ । सीमास्तम्भ भत्किन सक्छन् तर गायब हुने कुरा योजनावद्ध नै हुने गर्छ । सुगौलीसन्धीमा अँग्रेजले बलपूर्वक लगेको भूमि फिर्ता नभएको कुरा छाडौं, अस्थायी रुपमा चीनियाँसँगको युद्धमा क्याम्प राखेको कालापानीर महेशपुर-सुस्ता क्षेत्र हडपेर आफ्नै बनाउने नियतसाथ ऊ अघिबढेको छ । यी सबै कारणले नै भारतप्रति नेपालीको अविश्वास र घृणा बढेको हो । नेपाली जनता आफ्नो सार्वभौम मूल्यप्रति कति दृढ छन् त्यो भारतले चाखेको पनि छैन । भारतीय यस्तो रबैयाकै कारण नेपाली जनताको राष्ट्रियताको भावना अहिले पग्लेको छ । सम्वेदना घाइते भएको छ । देशप्रेमको शक्तिको पारो पनि माथि चढिरहेको छ । कहिल्यै कसैको अधीनता स्वीकार नगरेको देशमाथि २ सयवर्षभन्दा बढी अँग्रेजको उपनिवेशका रुपमा पराधीन भएको, खण्डैखण्डमा विभाजित तर अँग्रेजद्वारा एकत्रित भारतले यसको अस्तित्व मेटाउने सपना देख्नु त्यो दिवास्वप्न मात्रै हो वा सोम शर्माको सातुको कथा जस्तै अथवा वीरवलको खिचडी झैं । यहीपरिवेशले पनि नेपाली देशभक्तिको भाव र सार्वभौम मूल्य बढी जागृत छ । खासगरी नाकाबन्दीमा मधेसीको उपयोग र अमानवीय पीडा दिनाले नै नेपाली उसप्रति बढी आक्रोशित छन् । त्यही आक्रोशलाई अहिले एमालेले उपयोग गर्न खोजिरहेछ र राष्ट्रवादको वकालत गरिरहेछ । उसको यो राष्ट्रवाद खोक्रो, पाखण्डी र मण्डले प्रवृत्तिको राष्ट्रवादको रुपमा तथा गैरजिम्मेवार र साम्प्रदायिक ध्रुवीकरणका रुपमा आएको छ ।

त्यसको अर्थ सत्ताधारी दलहरुले राम्रो गरेका छन् भन्ने होइन । दुबै कठपुतलीहरुका डोरी एउटै हातका दुई औंलामा बाँधिएका छन्–एउटा राष्ट्रवाद र अर्को राष्ट्रघातका नाममा । दुबैको सञ्चालक शक्ति भने एउटै हो । दुबै राष्ट्रहित विरुद्ध कुकर्म गर्न सन्धी सम्झौता गर्न कृत सङ्कल्पित नै छन् । तर यहाँ भने म एमालेका राष्ट्रघातका नमूनाका रुपमा गरिएकाकेही कामको उदाहरण दिन लागेको छु । जसले एमालेको यथार्थ वा भ्रमलाई छर्लङ्याउन मद्दत गर्नेछ । म यो कुनै देश विरुद्ध उसले गरेका गोप्य र रहस्यात्मक पर्दाभित्र गरिएका कर्मका बारेमा बोलिरहेको छैन । ती अरु गम्भीर छन् जसलाई जनता सोझै बुझ्दैन पनि । त्यस्ता कर्म सधैं राष्ट्रवादको आवरण लगाएर त्यस विरुद्ध नै आउने गरेका छन् । सत्यको खोजी भने त्यस्ता कर्मको गहिराइमा पुगेरमात्र गर्नुपर्ने आवश्यकता हुन्छ । एमालेका त्यस्ता कदमहरुमध्ये केहीलाई यसरी देखाउन सकिन्छ ।

१) महाकाली सन्धीमा एमालेले गरेको रातारातको राष्ट्रघाती हस्ताक्षरले स्पष्ट रुपमा उसको नियतलाई छर्लङ्ग्याउँछ । वार्षिक २० अर्ब रुपियाँ आउने, ७ करोड युनिट विजुली सित्तैमा पाइने, पानी आधा बाँडिने, टनकपुर सम्झौतामा भएको घात फिर्ता हुने, शारदा ब्यारेजले ओगटेको ४ हजार हेक्टर जमिन फिर्ता पाउने, पानी भारतले बढी उपयोग गरे नेपाललाई मूल्य तिर्ने आदिआदि महाकाली सन्धीका सौन्दर्यको बखान गरेर केपीओली थाकेका हैनन् । सबभन्दा बढी महाकाली सन्धीको वकालत गर्ने केपी नै थिए । जससन्धीका कारण एमाले फुट्यो र खुलामञ्चमा वामदेव गौतम भ्रष्टाचारी करार गरिए । तर आलीका ती भविष्यवाणी षड्यन्त्र र छलछामका स्वर थिए भन्ने २० वर्षले पुष्टि गरेको छ । आज महाकालीभन्दा ३ किलोमिटर पूर्वतर्फ भारतले सीमा विस्तार गरेको छ र गड्डाचौकीमा भारतीय झण्डा फर्फराइरहेको छभने त्यहाँ हजारौं हेक्टर नेपाली जमिन र जंगल भारतमा गाभिएको छ ।

२) नागरिकतबारे पनि एमालेको रबैया त्यस्तै रह्यो । विदेशीलाई सजिलै नागरिकता बाँड्न सकिने खालको लचिलो कानुन निर्माण गर्न एमालेकै भूमिका अहम् थियो । त्यसको विरोध हुँदाहुँदै त्यो बलात् पारित गरियो । टोली खटाएर नागरिकता वितरण गर्ने र पहिलेका नियम भत्काएर सरलीकृत गर्ने काममाएमाले काँग्रेससँग टाँसियो र द्वैध चरित्र देखायो । नागरिकता वितरणमा एमालेकै मुख्य भूमिका पनि रह्यो । फलतः सरलीकृत नागरिकता वितरणक्रममा दुई पटकसम्ममा लगभग ४५ लाख र ३५ लाख गरी नागरिकता वितरण भए । जसमा ४० लाखभन्दा बढी भारतीयहरुले नागरिकता प्राप्त गरेको अनुमान गरिएको छ । विदेशीलाई नागरिकता बाँडेर स्वदेशी रैथाने मधेसीहरुको उठिबास लाग्नथालेको स्थिति मधेसमा अब स्पष्ट नै देखिन थालेको छ ।

३) राष्ट्रका सम्पदा विदेशीलाई (भारतलाई) सुम्पिने कुरामा पनि एमाले सधैं निर्णायक भूमिकामा देखिन चाहन्छ जसले चाकरी र दलालीको पारो माथि देखियोस् र मालिक खुसी भएर सत्तासीन बनाइदियोस् । यसक्रममा माथिल्लो कर्णाली, माथिल्लो मर्स्याङ्दी, अरुण–३, महाकाली योजना जस्ता राष्ट्रघाती योजना पारित गराउन एमालेले अहम् भूमिका खेलेको छ । उसले नचाहेको भए यी सन्धी कदापि अरुले पास गर्न सक्ने थिएनन् । ऊ बढी साख्खै हुन यी सन्धीमा पहिलो हस्ताक्षरकर्ता बन्यो । नेपाली जनता मुख्यतः अपरकर्णाली र अरुण–३ दुबै आयोजनाहरु पूरापूर राष्ट्रघाती छन् भनी विरोधमा छन् । के एमाले यी सन्धीलाई फिर्ता लिन तयार छ ? देशको हितमा कुनै सन्धी नगर्ने र अरुकै हितमा सन्धी गर्ने काम राष्ट्रवाद हुन सक्दैन । त्यसैले जनता उसको राष्ट्रवाद पाखण्ड मात्र ठान्छन् । नक्कली राष्ट्रवादले त झन् राष्ट्रलाई थाहै नपाई घात गर्छ । बाहिर बाहिर राष्ट्रवाद फलाकेर जनताका आँखामा भ्रमको पर्दा हाल्ने ताकि विरोध नआओस् बरु समर्थन प्रचुर होस् र भित्रभित्र विदेशी प्रभुसामु लम्पसार पर्ने प्रवृत्ति झन् बढी खतरनाक हुने गर्छ ।

४) एमआरपी काण्डमा पनि एमालेले राष्ट्रघातको नियतका साथ भारतलाई छपाइको ठेक्का दिइसकेको थियो । तर जनता त्यसको विरोधमा उत्रिए र एमआरपी भारतलाई छाप्न दिने ठेक्का नै रद्द गराएर छाडे । सबै अन्तर्राष्ट्रिय नियम र प्रचलनलाई मिचेर छिमेकीलाई छाप्न दिनुले राष्ट्रिय गोप्यतामा खलल पार्ने नियतबारे ठूलो प्रतिरोध भयो । त्यो खारेज गर्नमा जनताको योगदान भने राष्ट्रवादी नै थियो ।

५) केपी ओली यतिखेर राष्ट्रवादको भाषण ठोक्न तल्लीन छन् र उनले यो, नाकावन्दीका बेला चीनसँग गरेका केही सम्झौताबाट आर्जन गरेको चुरीफुरी हो । नाकावन्दीले एउटा सकारात्मक काम यही गऱ्यो । सामान्य परिस्थितिमा केपीलाई त्यस्ता सन्धी गर्न नत आँट हुन्थ्यो न वाध्यता तर नाकावन्दीले त्यसलाई सहज बनायो र वाध्य भएर चीनसँग सम्वन्ध बढाउनु पऱ्यो । सधैं भारतपरस्त सम्वन्धमा/असमान सम्वन्धमा/विशेष सम्वन्धमा/रोटीबेटीको सम्वन्धमा रहने एमालेले यसभन्दा पहिले कहिल्यै चीनसँग समानसम्वन्धको अडान राखेको थाहा छैन । त्यसले पनि उसको नक्कली राष्ट्रवादलाई नै पुष्टि गर्छ । तर राष्ट्रवादको नारा लाउने ओलीले मुजफ्फरपुर–ढल्केवर अन्तर ष्ट्रिय प्रसारण लाइनमा गरेको सम्झौता भारतलाई हित र नेपाललाई घातहुने (वार्षिक करिब २० अर्ब रुपियाँ) सम्झौता हो । यसो उनले किन गरे ? यसको जवाफ समयले उनीसँग मागिरहेको छ ।

६) ओली भारत भ्रमणमा गए–नाकावन्दी खुलाउन । तर उनले त्यहाँ न त ठाडो शीर गरेर नेपालको हितमा कुनै कुरा गर्न सके न अडान नै लिन सके । युगौंदेखि नेपालको अहितमा रहेको १९५० को सन्धी,आफैले राष्ट्रघाती करार गरेको कोशी सम्झौता, गण्डक सम्झौता, महेशपुर, सुस्ता र कालापानी–लिम्पियाधुरा सम्मको नेपाली जमिन फिर्ता लिने कुरा ठाडो शीर गरेर किन गरेनन् ? सबै असमान, अन्यायपूर्ण, अपमानजनक, सन्धी सम्झौता खारेज गरेर नयाँ रुपमा गर्नुपर्छ भन्ने कुरा किन ठाडो शीर लाएर प्रस्ताव गर्ने अडान लिने काम गरेनन् ? उनको त्यो राष्ट्रवाद कता के कारणले दब्न पुग्यो ? स्पष्ट छ उनी भारतलाई खुसी राख्न चाहन्थे यस्ता कुरा उठाएमा चिढिन्छ भन्ने नै हो । यसको तात्पर्य बाहिर राष्ट्रवाद र भित्र राष्ट्रघात नै हो । उनले असमानसन्धीवारे किन कुरा नउठाएको भनी पत्रकारले प्रश्न गर्दा–'काँचो सुन्तला, न खाँदै यो चाला खाए के होला ?' भन्ने उखाने गीत गाए । स्पष्ट छ भारतसँग कुनै अडानै नराख्दा त उनको सत्ता जोगिन मुस्किल छ अझ राष्ट्र हितका कुरा राखेको भए मेरो के चाला हुन्थ्यो ? भन्ने यो भाव कहिल्यै राष्ट्रवादी हुन सक्दैन ।

केपीओली भित्र एकथोक र बाहिर अर्कै थोक हुन् भन्ने कुरा उनकै पार्टी नेताको ओंठमा झुण्डिएको छ । उनको यो राष्ट्रवादी चेहराभित्र के होला ? समयले नै उद्घाटन गर्नेछ । मुखमा राष्ट्रवाद हृदयमा राष्ट्रघातको दलाल प्रवृत्ति नेपाली राजनीतिकै देन हो । यसो भनौं सडकमा राष्ट्रवाद सत्तामा राष्ट्रघात मूल प्रवृत्ति हो । एमाले पनि यसवाट चोखो छैन । एकसमय एमालेलाई कठपुतली र राष्ट्रघाती लेण्डुप करार गरेका प्रचण्डलाई आज एमालेले नै राष्ट्रघाती लेण्डुप भनेर दुत्कार्नुले त्यही सत्यलाईपुष्टि गरेको छ । बजारमा एमाले र मूलतः केपीओलीलाई ठूलो प्रश्न छ–' तिमी साँच्चैका राष्ट्रवादी हौ भने महाकाली सन्धीको राष्ट्रघातमा क्षमा याचना गर ! कोशी, गण्डक, महाकाली, कर्णाली, अरुण–३, १९५०, १९६५, कालापानी, सुस्ता–महेशपुर, सीमा अतिक्रमण, खुला सीमा, सीमामा अत्याचार, भारतीयलाई नागरिकता दिने लचिलो कानुन बनाउने भूमिका, चीन र भारतसँग समान सम्बन्ध, आत्मनिर्भर अर्थनीति, दलाल पुँजीपतिको वर्चस्वको अन्त्य, राष्ट्रिय पुँजीपतिको वर्तमान हविगतप्रति नयाँ नीति, दीर्घकालीन राष्ट्रिय समृद्धिका योजना, स्थिर सरकारका लागि प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय पद्धति, कर्मचारीतन्त्रमा व्याप्त भ्रष्टाचार, अनिमितता, घुस, कमिसन,(जुन कर्मचारीतन्त्रको ४५ प्रतिशत हिस्सा एमालेका कर्मचारीले नै ओगटेका छन्), देशघाती र राष्ट्रघाती योजनाको विरोध आदिआदि कुराका बारेमा कठोर लडाइँ लड्न किन तयार छैन ? किन भारतीय राजदूतका सामु शीर निहुराएर जदौ गर्न लालायित रहन्छ ? किन दिल्लीसँग जोडिएको उसको तार चुँडाउन चाहन्न ? यस्ता धेरै प्रश्नको जवाफ दिएर मात्र उसले आफूलाई राष्ट्रवादी दावी गर्न सक्ला । अन्यथा....? देश भ्रष्टाचारको दलदलमा छ,, घुस कमिसनले घाइते छ,, राष्ट्रघाती सन्धीसम्झौतामा प्राविधिक र विशेषज्ञताको काम गर्ने कर्मचारीले नै हो । तर तिनै कर्मचारी ४५ प्रतिशत एमाले नै छन् । के तिनलाई राष्ट्रवोधको पाठ पढाउन एमाले चाहन्छ ? भ्रष्ट कर्मचारी र घुस्याहा कर्मचारी त राष्ट्रका शत्रु होइनन् र ? एमाले भएपछि सबैले गङ्गामा नुहाएर पवित्र हुन्छन् ? यसको जवाफ पनि एमालेले नै दिनु पर्ने हो ।

उर्जामन्त्री राधा ज्ञवालीले गुप्त कुनै उपलब्धि र नाफा आर्जन गर्न कुलमान घिसिङलाई त्यत्रो विरोध र धर्नाका बावजुद हटाएरै छाडिन् । अहिले तिनैले 'लोडसेडिङ' हटाएको भनेर तिनै एमाले, जनार्दन शर्मालाई पनि कुनै जस नदिने गरी भजनगान गर्दैछन् । यस्तो गर्नु पर्नाको कारण के हो ? के त्यो काम पनि राष्ट्रवादबाट नै प्रेरित थियो ? प्रचारमुखी, प्रसिद्धिमुखी र भ्रममुखी राजनीति गर्न छाडेर एमाले के सच्चा देशभक्त पार्टीका रुपमा उँभिन तयार छ ? यी प्रश्नको जवाफ पनि उसको राष्ट्रवादसँग नै गाँसिएका छन् ।

७) एमालेले राष्ट्रप्रेम र देशको हितका लागि प्रचण्डसँग गठबन्धन गरी सरकार निर्माण गरेर केपी ओली प्रधानमन्त्री भए । (त्यसो त प्रचण्डले नै माधव नेपाललाई समानुपातिक सभासद् बनाएर प्रधानमन्त्री बनाएका हुन् र रातारात भारतको आँखा नपरोस् भनेर झलनाथ खनाललाई पनि प्रधानमन्त्री बनाएकै हुन् । सायद अब प्रधानमन्त्री बन्ने हैसियतका एमाले नेता छैनन् कि ?) । त्यो सरकार एकवर्ष बढी चल्यो । गठबन्धनकै प्रक्रियामा ओलीले प्रचण्डलाई प्रधानमन्त्री दिने भद्रसहमति पनि गरे । तर दिएनन् । प्रचण्ड चिढिए । सरकार विघटन भयो । ओली राष्ट्रवादी थिए भने त्यस्तो महान् राष्ट्रवादी गठवन्धन टुटाउनुभन्दा प्रचण्डलाई जाबो पद दिन किन तयार भएनन् ? के त्यो प्रमको पदभन्दा यो 'पवित्र'राष्ट्रवादी गठवन्धनको मूल्य कम थियो ? के राष्ट्रियताभन्दा ओलीलाई प्रम पद नै ठूलो भयो ? प्रचण्डलाई पद दिए पनि सम्पूर्ण सत्ता र सरकारको वागडोर त ओलीकै हातमा रहन्थ्यो, फेरि पनि त्यस्तो राष्ट्रवादी गठवन्धन विरुद्ध कदम चाल्न ओलीलाई केले प्रेरित गऱ्यो ? यसैकारण व्यापक चर्चा ... बाँकी ७ पेजमा

## कविता

### हामी त्यस्तो कायर होईनौं



धनेश्वर पोखरेल

तिम्रो एक धक्काले पछाडी भाग्दै जाने
हामी त्यस्तो डर छेरुवा होइनौं
तिम्रो एक आक्रमणले आत्मासमर्पण गर्दै जाने
हामी क्रान्ति दूत हौ ! क्रान्ति दूत !!
हज्जारौ हारहरु पचाएर
अन्तमा क्रान्ति विजय गरेरै छाड्ने ।

पेरिस कम्यून हाम्रो आदर्श हो
मालेमावाद हाम्रो मार्ग दर्शन हो
जनवाद, सामाजवाद र साम्यवाद
हाम्रो लक्षित गन्तव्य हो
क्रान्ति क्रान्ति र फेरि पनि क्रान्ति
हाम्रो निरन्तर यात्रा हो ।

हाम्रो यात्रामा प्रति क्रान्तिको काँडा
तेर्साएर
कसैले क्रान्ति रोक्ने दुस्साहस नगर
हाम्रो यात्रामा अवसरवादको एम्बुस थापेर
कसैले क्रान्तिलाई सेबोटेज गर्ने घृष्टता
नगर
तिम्रा सवै हर्कतहरु- कुनै दिन

उडाई दिनेछ सिमसनको युवा जस्तै
निर्णायक क्रान्तिले
त्यसवेला तिमीले पश्चातापको भिख
नमाग्नु
हिमाल दुखेको छ, पहाड दुखेको छ
उस्को एकतार्फ झम्टाईले
तराई झन दुखेको छ

हावा दुखेको छ
पानी दुखेको छ
उस्को दैनिक हमलाले जीवन झन
दुखेको छ ।

### भेदभाव

■ विष्णु आले (विकीरण)

हुँदैहुँदैन् समानता,
विपन्नता र सम्पन्नता,
का बीचमा छन् छिमेक,
बडा बडा,
के हिमाल के पहाड,
के तराई,
छैन् भन्छौ पराई,
भेदभाव छ म देख्छु बारम्बार,
तिम्रा मुलुकमै छन् भिन्न, ल्वाई, ख्वाई र
काम गराई,
छिमेकका कुरै छाड,
तिम्रा आफ्नै घर फर्किहेर,
तिमी आफ्नै परिवारमा,
विभेद बनाउँछौ,
गफ समानताको गर्छौ,
पत्याउँछ कसले,
समानता छ भनेर,
तिम्रा पूर्खा तिमी र तिम्रा छोरामा,
विभेद छ त्यही भएर

## के हुनसक्छ ...

परेर बदनाम कमाउने काम भइरहेको छ । जसले उनलाई यो स्थानमा पुऱ्याए ती महान् सहिद, बेपत्ता कमरेडहरु, घाइते, अपाङ्ग योद्धा, जनमुक्ति सेनाका कमरेडहरु, साराका सारा नेता कार्यकर्ता, समर्थक शुभचिन्तक जनतालाई के दिन, के गर्न सके दुई-दुई पटक सत्ताको नेतृत्व गरेर ?

महंगी, भ्रष्टचार, अन्याय, अत्याचार, कमिसनतन्त्र, चोरी निकासी, कालाबजारी झन-झन बढेर गएका छन् भने जनजीवन अस्तव्यस्त छ। शिक्षा, स्वास्थ्य, रोजगारी वास्तविक नेपाली जनताको पहुचभन्दा टाढा हुँदै गएका छन् । युवाशक्ति, क्षमता, प्रतिभा सबै-सबै विदेश पलायन भइरहेको छ । त्यो श्रमशक्ति नेपालमै नेपाल र नेपालीको निमित्त प्रयोग गर्न सक्नुपर्छ, हाम्रो मुलुक स्रोत साधनले परिपूर्ण छ अथाह प्राकृतिक सम्पदा यहाँ छन् । यो सबै विदेशीको कब्जामा पार्दैछन् । राष्ट्रिय स्वाधिनता झनै जोखिममा पर्दै गएको छ, नेपाल भुटानीकरण, सिक्किमिकरण र फिँजीकरणको दिशातर्फ अघि बढ्दैछ । शान्तिप्रक्रियामा आएदेखि नै पुष्पकमल दाहाल र उनीसँग टाँसिन पुग्नेहरुका गतिविधि राष्ट्र र जनताका विरुद्ध लक्षित हुदै गएका छन् । उनीहरु जुन लक्ष्य, उद्देश्यका साथ महान् यात्रामा आए त्यो सबै पन्छाएर मालेमावादी मार्गनिर्देशक सिद्धान्तलाई लत्याएर गलत बाटो पकड्न पुगेका छन् । तर बिडम्बना नै भन्नु पर्छ उनीहरुको पनि नामको पछि 'माओवादी' झुण्डिरहेको छ र त्यसैलाई भजाइरहेका छन् । काम र व्यवहार माओवादविरुद्ध गर्दै आएका छन् यो स्वयम् शिद्ध तथ्य उनीहरुकै गतिविधि र क्रियाकलापले प्रमाणित गरिरहेको छ । नेपाली जनवादी क्रान्तिको बाटोबाट केही बिग्रिए पनि माओवादी पार्टी, माओवादी नेता कार्यकर्ताको ठूलो पंक्ति अझै पनि आफ्नो लक्ष्यबाट बिचलित भएका छैनन्, र निरन्तर लक्ष्य प्राप्तिको दिशामा अघि बढिरहेकै छन् । जसले मालेमावादी विचार, सिद्धान्त, दर्शन, नीति मानिरहेको छ त्यो शक्तिमात्र माओवादी हुन सक्छ। सिद्धान्त व्यवहार माओवाद विरुद्ध अपनोउने, नाम मात्र माओवादी राखेर माओवादी कदापी बन्न सकिन्न । मालेमावादको जगमा उभिएर देश र जनताको पक्षमा जो समर्पित हुदै आएको छ र भैरहन्छ त्यो शक्ति मात्र माओवादी हुनसक्छ।

यतिवेला पार्टीको लक्ष्य, उद्देश्य, उनीहरुले अख्तियार गरेको मार्ग निर्देशक सिद्धान्त, नीति कार्यक्रमलाई केलाएर राम्ररी हेर्दा नेकपा (क्रान्तिकारी माओवादी) मात्रै हिजो जनताले बुझ्ेको माओवादी पार्टीको हैसियतमा छ । विचार संघर्षबाट खारिदै छ, छानिदै आउँदा पनि व्यक्तिगत हिसाबले यहि पनि कोहि अझै सच्चिन, रुपान्तरण हुन बाँकी होलान । र अन्य कम्युनिष्ट नामका वामपन्थी पार्टीहरुमा भ्रमबस रहिरहेका क्रान्तिकारी नेता र कार्यकर्ताले यी सबै कुरा बझ्दै जानेछन् र बुझिसकेपछि ती कम्युनिष्ट नामधारी अझ माओवादी भन्न रुचाउने दक्षिण-वामपन्थी संशोधनवादी, नवसंशोसनवादी, अवसरवादी पार्टी छाडेर क्रान्तिकारी ध्रुविकरण पछि यो प्रतिक्रान्तिबाट उत्पन्न निराशा, अविश्वास, पलायनताबाट क्रान्तिकारी आशा, भरोसा र विश्वासमा परिणत भएर उत्साहका साथ नेपाली नयाँ जनवादी क्रान्तिमा सामेल हुनेछन् । नयाँ जनवादी क्रान्ति वास्तवमा शुद्ध किसिमको पुँजीवादी क्रान्ति पनि हो, त्यसकारण प्रजातन्त्रवादी राष्ट्रिय पुँजीवादी शक्ति, देशभक्त, स्वाभिमानी राष्टप्रेमी नेपाली, गरिब, किसान, मजदुर, सुकुम्बासी सर्वहारावर्ग सहितको सहभागितामा सम्पन्न गर्नु पर्दछ । यो क्रान्तिले बचेकुचेका सामन्त नोकरशाही, दलाल नोकरशाही, पँजीवादी वर्गलाई मात्र विस्थापित गर्दछ।

पूँजीवादी नयाँजनवादी क्रान्ति सम्पन्न गरेर स्थापित गरिने जनगणतन्त्र नेपाल पूँजीवादी नयाँ जनवादी राज्य व्यवस्थामा जनताको जनवादी अधिनायकत्व कायम हुन्छ । त्यो राज्य व्यवस्था अन्तर्गतको सत्ता देशभक्त राष्ट्रिय पुँजीवादी शक्ति र गरिब, किसान मजदुर अर्थात सर्वहारावर्गले सञ्चालन गर्ने हो अर्थात क्रान्तिको तीन साधनमा सर्वहारावर्गको पार्टीले समग्र नेतृत्व गर्दछ । यस अन्तर्गतको क्रान्तिकारी संयक्त मोर्चाले सत्ता सञ्चालन गर्दछ र जनताले सत्ताको रक्षा गर्दछ । यसै कारण अहिले देशभक्त जनगणतान्त्रिक मोर्चा गठन गरिएको छ । पार्टीको यो क्रान्तिकारी संयुक्त मोर्चा हो । सबै देशभक्त, राष्ट्रियवादी शक्ति देजमोमा संगठित भएर मौजुदा सामन्त, दलाल, नोकरशाहि पुँजीवादीको हातमा रहेको सत्ता छिनेर जनताको हातमा सत्ताको बागडोर सुम्पनु पर्छ । कम्युनिष्ट माओवादी भनेर कोही तर्सनु पर्दैन, माओवादीको नाम भजाएर जनताबाट तिरस्कृत भएका बदनामहरुबाट तर्सिएर सच्चा क्रान्तिकारी माओवादीलाई बुझेर पुग्दैन यो साँच्चै मालेमावादी क्रान्तिकारी आमूल परिवर्तनकारी देश र जनताको सेवामा समर्पित शक्ति हो ।

मुलुक अहिले संक्रमणकालीन अवस्थामा गुज्रिएको छ । देश र जनतालाई अप्ठयारोमा अल्झाएर संसदवादी प्रतिक्रियावादी शक्ति आ-आफैं लडिरहेका छन् । यिनका काला कर्तुतले नेपाललाई असफल राष्ट्रतर्फ धकेल्दै छ । यिनै संसदवादी पार्टीबाट राष्ट्रले निकास पाउने त कल्पनासम्म पनि गर्न सकिन्न । दिनहुं झै हत्या, लुट, आतंकका घटना घटिरहेका छन् । जनताको सुरक्षा छैन । संसदीय व्यवस्था यहाँभन्दा कति उदारिनु पऱ्यो ? यो व्यवस्था र संसदवादी शक्तिको जति भन्डाफेर गरेपनि कमी नै हुन्छ।

हाम्रो राष्ट्र नेपाललाई स्वतन्त्र, सार्वभौम सत्ता सम्पन्न स्वाभिमानी राष्ट्रको रुपमा विकसित गर्ने अर्थात राष्ट्रिय स्वाधिनताको रक्षा गर्ने र जनतन्त्र, जनजिविकाको सुनिश्चितता कायम गर्ने अर्थात जनअधिकार कायम गर्ने र शिक्षा, स्वास्थ्य र क्षमता सिप अनुसारको रोजगारीको व्यवस्था गर्ने सबै प्रजातन्त्रप्रेमी, देशभक्त स्वाभिमानी, राष्ट्रिय स्वाधिनताका पक्षधर राष्ट्रिय पूँजीवादी शक्ति र गरिब, किसान, सुकुम्बासी, सर्वहारा वर्ग सबै जाति/जनजाति सबै-सबै एकभएर सामन्त, नोकरशाही दलाल पूँजीपति वर्गका विरुद्ध भिषण संघर्ष सञ्चालन गरी क्रान्तिका बाँकी कार्यभार पुरा गरेर वास्तविक नेपाली जनताको हातमा शासन सत्ता सुम्पन सकियो भने मात्र राष्ट्र र जनताले मुक्ति पाउने छन् । राष्ट्र समुन्नत बन्नेछ । सबै नेपाली सुखी, सम्मृद्धशाली, सभ्य र सुसंस्कृत बन्नेछन् । सबै प्रकारका विभेद समाप्त हुँदै गएर समतामुलक समाज निर्माण हुनेछ । त्यसैले हामी सबैले अझ एकपटक आँट गरौ, एक हौँ, हामी वीर शाहसी नेपाली हौं, हाम्रो विजय सुनिश्चित छ।

## एमालेको राष्ट्रवाद ...

भयो-'ओलीलाई पद नछोड्न अड्डी लिन भन्ने प्रभु र प्रचण्डलाई गठवन्धन टुटाउन उत्प्रेरित गर्ने प्रभु दुबै एउटै हुन् र दुबै एउटै मालिकबाट सञ्चालित थिए ।' देशको हितका निम्ति ओलीले प्रमको पद त्याग्न तयार हुनुपर्थ्यो भएनन् । त्यहाँ कतै राष्ट्रियताले काम गरेन ।

८) अहिले एमालेले राष्ट्रवादको आवरणमा ५ नं. प्रदेशलाई पहाडबाट टुक्र्याउन नहुने भनी जिद्दी गरिरहेको छ । त्यसकै कारणबाट देशव्यापी विरोध, जुलुस,, भीडन्त, वन्द आदि गरिरहेको छ । बजारमा हल्ला राष्ट्रवादको फैलाइएको छ । मानौं पश्चिम तराइमा पहाड जोडिएन भने देशै टुक्राटुक्रा हुन्छ । पहिलो कुरा त यो सातवटा प्रदेश विभाजन नै संघीयता अनुरुप छैन । पहिचान र उपेक्षित क्षेत्रको अधिकारका लागि ल्याइएको संघीयताको भाव यी सात प्रदेशबाट कतै अभिव्यक्त हुँदैन । फेरि पनि उसकै तर्कका आधारमा उसको राष्ट्रवादको डंका र पहाडी अंश तराइसँग जोडिनु पर्ने कुरा आधारहीन छ । अनि फेरि अहिलेको संशोधनको मस्यौदा पनि स्वयं एमाले र सुशीलकै प्रस्ताव थियो । त्यस्तै यसभन्दा अघि नै २ नं. प्रदेशमा पहाडी भूभाग नजोडिकन बनाउनेमा एमालेकै भूमिका रह्यो । पहाड नजोडिएको तराइ मात्रको प्रदेशले देश टुक्रिने हो भने २ नं. प्रदेश टुक्रिदैन ? २ नं. प्रदेश टुक्रिएमा राष्ट्रघात हुदैन ?देश टुक्रिएको मानिन्न ?यो सबै कुटिल राजनीतिको जोड घटाउभन्दा केही होइन । एमालेले पहाडविनाको २ नं. प्रदेशमा किन ल्याप्चे ठोक्यो ? कुरो झन् गम्भीर छ। त्यही गम्भीरतावीच सम्विधान ठुलो उपलब्धि भन्दै कार्यान्वयनको रडाको पनि मच्चाइएको छ । मधेस वा तराइमा पहाड नजोडिएको प्रदेश हुनासाथ देश टुक्रिने उसकोतर्क यहीं खण्डित हुन्छ। कुतर्क त जति पनि गर्न सकिन्छ। आखिर कुतर्क गरेर नै त जनतालाई छक्क्याउन सकिन्छ। एमालेले त्यही अश्त्र प्रयोग गरेको छ। यो उसको नक्कली राष्ट्रवाद र सामन्ती राष्ट्रवादको सार हो ।

प्रश्न त्यसो होइन र सत्य पनि अर्कै छ । पश्चिमका थारु र मुस्लिमलाई चिढाएर पहाडी र मधेसीको ध्रुवीकरणद्वारा दीर्घकालीन साम्प्रदायिक विभेद र द्वन्द्वको वीजारोपण गराउने खेल त हुन लागेको छैन ? यद्यपि पश्चिम तराइका थारु र मुस्लिमहरु आफूलाई मधेसी भन्न रुचाउँदैनन् र मधेसीलाई 'बाजी' भनेर सम्वोधन गर्छन् । उनीहरु पूर्वमाझैं आफूलाई नेपाली भन्दा हीनतावोध होइन गौरववोध गर्छन् । पहिले नेपाली अनि मात्र थारु, मुस्लिम भन्न रुचाउँछन् । तिनै माथि शङ्काको वीज रोपेर उनीमाथि देशटुक्र्याउने भन्ने आरोप लगाउन खोज्नु, पहाडसंग जोड्नै पर्ने अड्डी कँस्नु जायज छैन । यो व्यर्थको रडाको र राष्ट्रवादको भ्रम मात्रै हो । भारत नेपालमा पूर्वमाझैं पश्चिममा पनि पहाडी र मधेसी साम्प्रदायिक विभेद सिर्जनागर्न चाहन्छ । एमाले त्यही योजनाको सहयोगी बन्न खोजेको त छैन ? आशङ्का जन्मिन्छ। आफूलाई नेपाली धरतीपुत्र हौं भन्ने भावनाका थारु र मधेसी होइन हामी 'नेपाली मुस्लिम' भन्न रुचाउने मुस्लिम समुदायको नेपालीकृत भावनामा चोट पुऱ्याउनु र तराइलाई पहाडसँग नजोडे राष्ट्रघात हुने अड्डी लिनु अनि पहाडी-मधेसीको भेद पश्चिम तराइमा पनि रोप्न खोज्नु दीर्घकालीन हिसाबले राष्ट्रघात भन्दा केही हुन सक्दैन ।यो मण्डले राष्ट्रवाद र साम्प्रदायिक चेतनाको कहिल्यै नमेटिने घाउ मात्र हुनेछ । जसरी पूर्वका ९ जिल्ला २ नं. मधेस प्रदेश भयो र त्यसले देश टुक्रिंदैन भन्ने निष्कर्ष हो पश्चिममा पनि समान धारणा हुनु पर्ने हो एमालेको किन समान कुरामा फरक धारणा भयो सोच्नु पर्छ। थारुहरुमाथि पहिले गरिएको दमन र यो ध्रुवीकरण एउटै सिक्काका दुई पाटा त हैनन् ?

माथि भने झैं एमालेको राष्ट्रवादको भित्री मर्म गम्भीर अनुसन्धानद्वारा निकालेको निष्कर्षले मात्र पुष्टि गर्न सक्छ । एमालेको राष्ट्रवादका पछाडि लुकेका रहस्य धेरै होलान् । एमालेले गरेका गलत राष्ट्रवादी व्याख्या पनि धेरै नै छन् । लुकेका रहस्य भन्दा पटाक्षेप भएका सार्वजनिक तथ्य माथि उल्लेख भएका छन् । अब जनताले एमालेको राष्ट्रवादको यथार्थ र भ्रम के के हुन् छुट्याउन आवश्यक छ । नेपाली जनता कसैको जाल, प्रपञ्च र छलछाम चिर्न भने सक्षम छ । नजिकै आइरहेको स्थानीय निर्वाचनलाई मध्यनजर गरी आएको मौसमी राष्ट्रवादको नक्कली खोल च्यात्न नेपाली सक्षम होलान् ? यसको उत्तर समयले मात्र दिन सक्छ।

जम्काभेट



## 'फोटो खिच्न जाँदा हाम्रै साथीहरुले सरकारी सुराकी भन्थे'

**जय दाहाल**, फोटो पत्रकार

➲ ***कहिले देखि फोटो पत्रकारितामा लाग्नुभयो ?***

२०३६ सालको आन्दोलनका बेला मैले फोटो पत्रकारको भूमिका खेलेको थिए। पञ्चायतले त्यसबेला बहुदल/निर्दलका लागि जनमत संग्रह गरेको थियो । त्यसबेला म बहुदलको प्रचारमा लागेको थिए। एउटा फोटो पत्रकार मात्रै नभएर सचेत नागरिक पनि हुनुका नाताले देशमा पञ्चायत ढल्नुपर्छ भन्ने मेरो मान्यता थियो। म देशमा कम्युनिष्ट शासन प्रणालीको स्थापनाका लागि कहिले साँस्कृतिक फाँटमा पनि काम गरे। भूमी सबको साझा हो भन्ने गीत गाउँदै हामी गाउँगाउँमा जाने गर्दथ्यौं । यसै क्रममा फोटो खिच्ने काम पनि निरन्तर चल्ने गर्दथ्यो । त्यसबेला हामी श्यामस्वेत फोटोहरु खिच्ने गर्दथ्यौं । बहुदल पक्ष र निर्दल पक्षबीच झडप भइरहन्थ्यो । मलाई फोटो खिच्न निकै गाह्रो पर्दथ्यो। झडप भइरहँदा प्रहरी आएको यो कसको इजाजतमा फोटो खिचेको, सीडीओ कि अञ्चलाधिसको ? भनेर भनेर दुःख दिने गर्दथे । सरकारी दमनसँग लुकामारी गर्दै फोटो खिच्नुपर्ने बाध्यता थियो । कतिले त मलाई यो सरकारी सीआईडी हो समेत भन्ने गर्थे । २०४६ सालको जनआन्दोलनसँगै जनता परिवर्तनको दिशातिर अघि बढेको थियो। पञ्चायत विरोधी नारा सडकदेखि गल्ली गल्लीमा लागेका थिए। आन्दोलनकारी र प्रहरीबीच मुठभेड भइरहन्थ्यो। फोटो पत्रकारलाई पञ्चायती सरकारले तारो बनाउँथ्यो । एकातिर आन्दोलन अर्कातिर सरकारी दमनको नीतिले दुईतिरको चेपुवामा परेका थियौं । आन्दोलनकारीले पनि हामीलाई गाली गलौज गर्थे । पुलिसले डण्डा बर्साउनेदेखि म लगायत सबै फोटो पत्रकार साथीहरुको क्यामेरा खोस्ने, फुटाईदिने, रिल निकालेर फालिदिने गर्दथ्यो। अहिले पनि बेला बेलामा त्यस्ता घटनाहरु सुनिने गर्दछन्। देशमा गणतन्त्र आईसक्दा पनि यस्तो भइरहनुलाई बिडम्बना नै भन्नु पर्दछ। त्यसबेला डिजिटल प्रविधि थिएन। अति नै कष्टसँग काम गर्नुपर्ने अवस्था थियो। हरेक आन्दोलनमा फोटो पत्रकार अग्रपंक्तिमा देखा परे। सरकारले पत्रकारलाई चौथो अंगका रुपमा राख्यो। तर यस्ती कुराहरु नीतिगत रुपमा राम्रा भएपनि व्यवहारिक रुपमा अहिले पनि सम्झनलायक कामहरु भइरहेका छैनन् ।

➲ ***अहिलेसम्म कति र कस्ता फोटोहरु बढी खिच्नुभयो ?***

मैले त्यति धेरै फोटो खिचेको छैन । २०३० साल चैत्रदेखि म यो क्षेत्रमा आएको हुँ । तर म फोटोग्राफर भन्दा बढी वाम आन्दोलनमा रमाउने गर्दथे । केही संकलन छन्, कतिपय हराए, बिरालाले छाउरा सारेजस्तो डेरा सरिरहनु पर्ने भएकाले कतिपय संकलन हुन सकेनन् । पूर्व मेचीदेखि-झापा, मोरङ, राजविराज, जनकपुर हुँदै काठमाडौंसम्म आइपुग्दा जति ठाउँमा गाँसबास सँगसँगै क्यामरा पनि छुट्यो । त्यहि खिच्यो, त्यहि नै छुट्यो । अहिलेको जस्तो डिजिटल थिएन, राख्न पनि सकिएन । जति हुनुपर्ने त्यति फोटो छैन । केही संकलन भएका पनि आर्थिक अभावका कारण बजारमा ल्याउन सकेको छैन । माओवादी जनयुद्धको फोटो एउटा बिम्ब हो । यसले सारा संसारमा माओवादी आन्दोलनलाई परिचित बनाउन, पत्रिका देखि टिभी च्यानलबाट प्रचारप्रसारमा ठूलो भूमिका खेलेको छ । एउटा सानो देश नेपालका माओवादी के गर्छन, अब के हुन्छ भन्ने विषयमा संयुक्त राष्ट्र संघदेखि विश्वका ठूला देशले पनि नेपाल र माओवादी आन्दोलाई चासोपूर्वक हेरेका थिए । ती फोटाहरु पत्रिकाले ब्यानर बनाएर छापे । यसले संसारलाई राम्रो/नराम्रो जुनसुकै अवस्थामा माओवादी जनयुद्धलाई चर्चामा ल्याउन सफल भए । यसमा पनि फोटो पत्रकारिताको योगदान छ।

➲ ***फोटोका महत्व र यसका विषेशता भनिदिनुहोस् न ।***

फोटोको एउटा विशेष महत्व रहेको छ । आ-आफ्नो क्षमताअनुसारको फोटो हुन्छ । फोटो एउटा यस्तो दृश्य हो जसले संसारलाई रुवाउँछ र हँसाउछ पनि । आफ्नो ज्यान जोखिममा राखेर फोटो खिच्ने, प्रकृतिसँग रमाउने फोटो पत्रकार पनि छन् । त्यस्तै जंगली जनावरदेखि पशुपंक्षीको फोटो उतार्ने फोटो पत्रकार पनि छन् भने चलचित्रमा पनि छायाँकार, मोडलिङमा पनि क्रियाशील छन् । फोटो पत्रकार वा फोटोग्राफरका आफ्नै विशेषता छन् । मैले भन्नुपर्दा एउटा राजनीतिमा आस्था राख्ने फोटो पत्रकार राष्ट्रिय देखि अन्तर्राष्ट्रिय क्षेत्रमा समेत भूमिकामा बाँधिएको हुन्छ । म वाम विचार लिएर हिँडेको फोटो पत्रकार छलफलदेखि हाल वर्गदृष्टि सम्म आइपुगेको छु। यस बिचमा धेरै वामपन्थी पार्टीका पत्रिकाका लागि फोटो खिच्ने काम गरेको छु। यो यात्रा देशको आमूल परिवर्तनका लागि हो। यो चाँहि मेरो जीवनको मृगतृष्णा बनिरहेको छ।


नागरिक लगानी कोषद्वारा संचालित कार्यक्रममा सहभागी भई भविष्यको लागि बचत गरौं ।

**कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी भई बचत गर्दा पाईने फाइदाहरु**

- बार्षिक ६.५ प्रतिशत व्याज पाइने,
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिन पाइने,
- सहुलियत ब्याजदर बार्षिक ९ प्रतिशतमा धितो मूल्यांकनले खामेसम्मको बढीमा रु ४० लाखसम्म (उपत्यका भित्रका नगरपालिकामा घर निर्माण तथा खरिद गर्न) आवासकर्जा सुविधा लिन पाइने,
- बार्षिक आयको एकतिहाई रकममा आयकर छुट सुविधा पाइने,
- सेवाबाट अवकाशपछि एकमुष्ठ रकम पाइने,
- सबै बाणिज्य बैंक शाखा कार्यालयहरुबाट रकम जम्मा गर्न सकिने, व्यालेन्स सर्टिफिकेट लिन सकिने,
- दुर्घटनाबाट मृत्यु भएमा रु १ लाख सम्मको दुर्घटना बीमाको ब्यवस्था भएको

'आजैदेखि सहभागी भई बचत गर्ने बानी बसालौं'

**नागरिक लगानी कोष**
नयाँबानेश्वर, काठमाडौं,
पोष्ट बक्स नं. ५८२३, फोन : ०१-४७८५७१९, ०१-४७८५७२५, फ्याक्सः ०१-४७८५७१९, ई-मेल info@nlk.org.np, वेभसाइट : www.nlk.org.np

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
**टाटा सुमो सेवा**
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
**मितेरी यातायात एण्ड अटो प्रा.लि.**
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

**धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति**

**सम्पर्क**
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

**माइक्रो काउन्टर**
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# संसारका मजदुर र थिचिएका जातिहरु एक होऔं !



**नगेन्द्र राई**

भ्लादिमिर ई. लेनिन विश्व साम्राज्यवादी युगका महान दार्शनिक राजनीतिक नेता हुन् । लेनिनले विश्व साम्राज्यवादको विरोधमा धावा बोल्दै कमजोर औद्योगिक पुँजीवादी मुलुक रसियामा महान् साम्राज्यवादी क्रान्ति सम्पन्न गर्नुभयो । त्यति मात्र होइन विश्व साम्राज्यवादले विश्वका कमजोर मुलुकहरु माथिको साम्राज्यवादी औपनिवेशिक उत्पीडनका कारण आफ्ना सार्वभौमिक स्वतन्त्रका रक्षा गर्न नसक्ने कमजोर मुलुकलाई आत्मनिर्णयको अधिकार सहितको अधिकार प्रत्याभूत गरी साम्राज्यवादी विरोधी किल्ला सोभियत युनियनको निर्माण गर्न सफल हुनु भयो । आज हाम्रो मुलुकमा पनि त्यस्तो नेता र क्रान्तिको जरुरी छ। किन कि हाम्रो मुलुकमा वाह्य औपनिवेशिकरण र आन्तरिक औपनिवेशिकरणको दोहोरो उत्पीडनबाट यहाँ जनजातिहरु थिचिएका छन् । लेनिनले यसबारे के भन्नु भएको छ भने उत्पीडन जातिहरुको उत्पीडन भनेको दुई धारे तरबारको उत्पीडन हो भन्नु भएको छ। यो दुईधारे तरबारको उत्पीडनबाट मुक्ति उत्पीडनबाट मुक्ति उत्पीडन जातिको स्वतन्त्र अन्दोलनबाट मात्र सम्भव छैन । त्यसका निमित्त शासकीय जाति र वर्गबाट उत्पीडत सम्पूर्ण श्रमजीवी जनता र उत्पीडित जातिको बलियो एकतामा मात्र सम्भव छ। एकता वैचारिक सैद्धान्तिक आधार हुनु पर्दछ।

वैचारिक सैद्धान्तिक आधार हाम्रो गौरवशाली पार्टी नेकपा (क्रान्तिकारी माओवादी) का श्रद्धेय अध्यक्ष क. किरणद्वारा केन्द्रीय सदस्यको बैठकमा प्रस्तुत तात्कालीन राजनीतिक प्रस्तावमा स्पष्ट ढंगले प्रस्तुत गर्नु भएको छ। जसमा संविधानको विरोधमा मधेशवादी, थारु, आदिवासी, जनजाति चलाएको आन्दोलनमा जनताका जायाज मागहरुको समर्थन र आन्दोलन नेतृत्वमा विद्यमान गलत चिन्तन र प्रवृतिको विरोध गर्दै आएको छ। अहिले सरकारले संविधान

***अहिले सरकारले संविधान संशोधन विधेयक भारतीय कोणबाट आएको र एमालेद्वारा गरिएको विरोध सामन्तवादी कोणमा आधारित छ भन्ने विचार स्पष्ट गरेको छ, यी दुवै प्रवृत्तिको विरोध गर्दै पार्टीको स्वतन्त्र पहलमा आन्दोन गर्ने निर्णय गरेको छ । यतिबेलाको सही विचार यहि नै हो ।***

संशोधन विधेयक भारतीय कोणवाट आएको र एमालेद्वारा गरिएको विरोध सामन्तवादी कोणमा आधारित छ भन्ने विचार स्पष्ट गरेको छन् यी दुवै प्रवृत्तिको विरोध गर्दै पार्टीको स्वतन्त्र पहलमा आन्दोन गर्ने निर्णय गरेको छ। यति बेलाको सही विचार यहि नै हो । किन कि यथास्थितिको संविधान १० वर्षे जनयुद्ध, ऐतिहासिक जनआन्दोलन, मधेश विद्रोह, आदीवासी जनजाति आन्दोलन लगायतका विभिन्न वर्ग, जाति, समुदायको भावना, चहाना विपरित र अंन्तरिम संविधान भन्दा प्रतिगामी भएकोले यसलाई कार्यान्वयन वा संशोधन होइन खारेज हो ।

अर्को नेपालको बहुजातीय, बहुधार्मिक, बहुभाषिक, बहुसांस्कृतिक र क्षेत्रीय विविधता स्वीकार गर्दै उत्पीडित जाति र क्षेत्रका जनताको स्वायत्त अधिकारलाई सुनिश्चिता गर्दै उनीहरुको पहिचान सहितको संघीयताको इकाईहरु बनाउनु पर्ने आफ्नो नीति प्रष्ट पारेको छ । यसो गर्दा अहिले संघीय इकाईहरु ११/१४ वटा बन्न सक्छन र संघीय इकाई निर्माण गर्दा जातीय बसोबासको सघनतालाई ध्यान दिनुपर्ने कुरालाई जोड दिएको छ । मगरात र थारुवानको सघनतालाई खण्डित गरेकोमा पार्टीले विरोध गरेको छ । त्यसका साथै बहुभाषिक मुलुकमा आर्य/खस भाषाको एकाधिकार रहेकोमा पार्टीले कुनै पनि भाषालाई विशेष अधिकार दिने मान्यताको विरोध गरी नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्र भाषाको मान्यता दिने र बहुभाषिक नीति अवलम्बन गर्ने आफ्नो नीति प्रष्ट पारेका छन् । व्यवस्थापिका संसदमा प्रतिनिधित्वको सन्दर्भमा जनसंख्या र भूगोलकाबीचमा सन्तुलन गरी मूलतः पूर्ण समानुपातिक प्रतिनिधित्व गर्नु पार्टीको धारणा रहेको छ । यी सबै विषयहरु प्राप्त गर्नका लागि आदिवासी जनजाति, मधेशी, किसान मजदुर र श्रमजीवी जनताको एकता कायम गरी नयाँ जनवादी राज्य व्यवस्था र संघीय जनगणतान्त्रिक संविधानले मात्र सुनिश्चित गर्ने भएकोले यहि बेला पार्टीले तय गरेको राष्ट्रियता, जनतन्त्र र जनजीविकाको समग्र आन्दोलनमा लाग्नुको विकल्प छैन । त्यसका साथै युगौ देखि जकडिएको सामन्तवादी साम्राज्यवादी, विस्तारवादी, उत्पीडनबाट मुक्त नभई न उत्पीडन जातिले अधिकार पाउँछ न श्रमजीवी जनताले त्यसैले पार्टीले तयार गरेका नीतिहरु आमजनतामा लान र आन्दोलित गर्न प्रतिबद्धताका साथ परिचालित हुन जरुरी छ।

## वर्तमान संविधान ..

हामीले यी दुवै प्रवृतिको विरोध तथा भण्डारफोर गर्न जरुरी छ ।

उक्त कुरामाथि ध्यानदिदै हाम्रो पार्टीले सवै शोषित पीडित वर्ग र उत्पीडित जनसमुदायको मुक्तिका लागि सर्वहारा वर्गको नेतृत्वमा श्रमजीवी वर्ग र उत्पीडित जनसमुदायका बीच ऐक्यबद्धता कायम गरी सामन्तवाद र साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध नयाँ जनवादी क्रान्तिको तयारीमा जोडदिने नीति अवलम्वन गर्दै आएको छ । तसर्थ, यो वेला पञ्चगामी संविधानको संशोधन तथा कार्यान्वयन होइन त्यसको खारेजी र संघीय जनगणतान्त्रिक संविधानको निर्माणका लागि संघर्षलाई विकसित तुल्याउन आवश्यक छ । साथै, यो वेला पुनरुत्थानवादले पनि टाउको उठाउन थालेको छ र त्यसप्रति पनि सचेतरहन जरुरी छ।

अहिले वर्तमान संविधानको संशोधन र त्यसको विरोधमा जुन वाद-विवाद चल्दैआएको छ त्यो त्यही संविधानको अर्न्तवस्तु तथा सारतत्वलाई स्वीकारगर्ने संसदवादी राजनीतिक शक्तिहरुका विचको संघर्षको परिणाम हो र त्यसैले त्यसमा क्रान्तिकारी रुपान्तरणमा आधारित सम्वाद संम्भव छैन। आखिर यो संघर्षको अन्तिम परिणति संम्झैतावादमै हुनेकुरा स्पष्ट छ । वस्तुतः भौतिकवादी द्वन्द्ववादका आधारमा हेर्दा त्यस संविधानको अन्तरवस्तु तथा सारतत्वलाई स्वीकार गर्ने र अस्वीकार गर्ने पक्षका वीचको संघर्षमा नै वास्तविक अर्थमा वाद-विवाद हुनसक्दछ र त्यसको वास्तविक संवाद पनि क्रान्तिकारी रुपान्तरणद्वारा नै हुने कुरा सुस्पष्ट छ।

## पुन:निर्माणमा ..

चोटी प्रधानमन्त्री बन्न पाएर हौसिएका प्रचण्डले ४५ दिनभित्रै भूकम्पपीडितलाई राहत दिने त घोषणा गरे। तर त्यसका लागि मापदण्डसमेत नबनाइदा समयमा पीडितले राहत पाएनन् । अहिलेसम्म पनि लाखौं पीडितले पहिलो किस्तामा दिने भनिएका राहतसमेत पाएका छैन ।

आफूले घोषणा गरेर काम गर्न नसकेको कारण सीईओ ज्ञवालीमाथि दोष थोपर्दै उनलाई हटाउने योजनाका साथ सरकारले स्पष्टिकरण मागेको छ । पहिलो स्पष्टिकरणपछि फेरि पनि ज्ञवालीलाई किन नहटाउने भन्ने भावको दोस्रो स्पष्टीकरण सोधिएको थियो । त्यसको जवाफ पनि ज्ञवालीले आइतबार सरकारलाई लिखित रुपमा बुझाइसकेका छन् ।

पुरानै विषयहरुलाई समेटेर ज्ञवालीले स्पष्टीकरण दिएका छन् । स्पष्टीकरणमा पुनर्वास, विभिन्न निकायबीचको समन्वय र भूकम्पपीडित परिवारलाई अनुदान वितरणको लगायतका विषय उल्लेख छन् ।

ज्ञवालीले पहिलो स्पष्टिकरणमा आफूले गरेको कार्य सम्पादनको भुमिकालाई सन्तोषजनक नरहेको भन्न कुनै पनि आधार, कारण र अवस्थाले मिल्ने नदेखिएको भन्दै लामो जवाफ पठाएका थिए।

भूकम्पबाट प्रभावित संरचनाको पुनर्निर्माण सम्बन्धि ऐन, २०७२ ले प्राधिकरणको समय पाँच वर्षक तोकेको र प्राधिकरणको प्रमुख कार्यकारी अधिकृतमा पाँच वर्षको लागि प्रमुख कार्यकारी अधिकृत पदमा नियुक्त भए अनुसार पहिलो वर्षभित्र सम्पन्न गर्नुपर्ने कार्य आधारभूत रुपमा सम्पादन भइसकेको ज्ञवालीको प्रष्टोक्ति छ।

खासगरी प्रधानमन्त्री प्रचण्डको निर्देशन अनुसार ४५ दिने अनुदान वितरण अभियान सफलतापूर्वक सञ्चालन गर्दै हालसम्म पहिचान गरिएका कूल ५ लाख ३१ हजार ९६४ लाभग्राहीहरु मध्ये जम्मा ४, ७७, १६० जना लाभग्राहीहरुसँग अनुदान सम्झौता गरिएको प्रष्टीकरण ज्ञवालीले सरकारलाई दिएका छन् ।

यस्तै, भूकम्प अतिप्रभावित १४ जिल्लाका ५,४४,९९६ लाभग्राही घरधनीहरुसँग निजी आवास अनुदान सम्झौता कार्य सम्पन्न भएकोमा ४,५९,८८६ लाभग्राही घरधनीको बैंक खातामा अनुदान वापतको पहिलो किस्ताको ५० हजारका दरले रकम जम्मा भइसकेको जनाइएको छ।

यस्तै, एक वर्षको अवधिमा करिव २०० वटा स्वास्थ्य संस्थाहरुको भवनहरु पुनर्निर्माण भइसकेका र करिव १६९ वटा भवनहरु सम्पन्न हुने अवस्थामा रहेको विवरण ज्ञवालीले प्राधिकरण गठन भएको एक वर्षका अवसरमा पनि सार्वजनिक गरेका थिए । सोही विवरण सरकारको जवाफमा उनले पठाएका छन् ।

सो अनुसार करिव २०० वटा शैक्षिक संस्थाका भवन निर्माणको कार्य सम्पन्न भएको तथा करिव १२०० वटा शैक्षिक संस्थाका भवनहरुको पुनर्निर्माण काम अघि बढेको ज्ञवालीले जानकारी दिएका छन् ।

करिव ५० वटा सरकारी भवनहरु प्रिफेब्रिकेटड संरचनामा सम्पन्न भइसकेका छन् भने करिव २२८ वटाको निर्माण जारी रहेको र करिव २९७ वटा खानेपानी आयोजना सम्पन्न भएको प्राधिकरणले सार्वजनिक गरेको विवरणमा उल्लेख छ।

यसैगरी करिव ९६१ वटा खानेपानी आयोजनाहरुको पुनर्निर्माण कार्य जारी रहनुका साथै पुरातात्विक संरचनाहरुको पुनर्निर्माणतर्फ हालसम्म करिव १५ वटाको निर्माण सम्पन्न भएको र करिव ६९ वटा निर्माणको क्रममा रहेको प्राधिकरणले जनाएको छ।

प्राधिकरणले सरकारले भनेअनुसार काम गर्न नसकेको कारणले नभइ कांग्रेसको योजनामा पुनः पोखरेललाई नै सीईओ बनाउने डिजाइनमा ज्ञवालीलाई बर्खास्त गर्न लागिएको स्रोतले बताएको छ।

## संविधान काग्रेसले ..

भन्ने होडबाजीमा लागेका कारण राष्ट्रियता नै संकटमा परेको उल्लेख गरे ।

जनतालाई अधिकार सम्पन्न नबनाएसम्म आफूहरुको संघर्ष नरोकिने उल्लेख गर्दै विगतमा क्रान्तिको नेतृत्व गरेका भनिएकाले नै जनताप्रति धोका, गद्दारी र बेइमानी गरेका कारण नयाँ आधारमा क्रान्तिलाई संगठित गर्दै अघि बढ्ने जिम्मेवारी अब क्रान्तिकारी माओवादीको काधमा आएको उल्लेख गरे ।

## कच्चा पदार्थ ...

पुँजीवादी, नोकरशाहीकै हातमा रहेको उल्लेख गर्दै उनले यस्तै शक्तिलाई हातमा लिएर विदेशी शक्तिले शासक वर्गलाई राष्ट्रघाती सम्झौता गराइरहेको उनको भनाई थियो ।

आफूलाई कम्युनिष्ट भनाउनेहरु नै राष्ट्रघाती कार्यमा अघि रहेको उल्लेख गर्दै पञ्चायतदेखि सुरु भएको नदीनाला बेच्ने र राष्ट्रघाती कार्यमा अघि रहेको उल्लेख गर्दै पञ्चायतदेखि सुरु भएको नदीनाला बेच्ने र राष्ट्रघाती कदमहरु चाल्ने शृङखलाको उत्कर्षको रुपमा विप्पा हुँदै २५ बुँदे समझदारीसम्म आएर जनयुद्धको नेतृत्व गरेका प्रचण्डबाट नै संस्थागत हुन पुगेको दृष्टान्त प्रस्तुत गरे

राज्यले नै कर्णाली परियोजना निर्माण गर्न सकिने उनको भनाई थियो । 'हामीले विरोधका लागि विरोध गरेको होइन, राष्ट्रकै लगानी र जनताको शेयरबाट माथिल्लो कणालीजस्ता परियोजना सम्पन्न गर्न सकिन्छ। पानी कच्चा पदार्थ हो, पानी बेच्नु भनेको देश बेच्नु सरह नै हो।' उनले भने, 'कम्तीमा पनि अहिले हामीले कच्चा पदार्थ बेच्ने बेला भएको छैन। कच्चा पदार्थ बेच्ने भनेको आफूले उत्पादन गरेर पुऱ्याएर बाँकी रहेको कच्चा पदार्थ बेच्ने हो । के अहिले त्यो अवस्था आएको छ ?'

यस्तै नेपाल सुन्दर देश भएका कारण पनि पर्यटकका लागि आकर्षक गन्तव्य स्थान भएका कारण धेरै पर्यटकलाई लोभ्यान सक्ने पर्यटकीय हबको रुपमा विकास गर्न सम्भव रहेको उनको भनाई थियो । यसरी पर्यटकलाई भित्र्याउन सकेमा देशमा आर्थिक उपार्जनका लागि ठूलो स्रोत बन्ने उनले बताए।

नेपालमा श्रम बैंक स्थापना गर्न सकिने र दशौं हजारले रोजगारी पाउने अवस्था रहेको उल्लेख गर्दै ठूला ठूला परियोजना आफै निर्माण गरेर जनताको जीवनस्तर सुधार गर्न सकिनेमा जोड दिए। भारतीय कम्पनीसँग भएको पीडीए र पीटीए खारेज गरी नेपाली आफैंले माथिल्लो कर्णाली, अरुण तेस्रोलगायतका ठूला सर सस्ता परियोजना निर्माणको वातावरण सिर्जना गरिनुपर्ने उनको भनाई थियो।

कार्यक्रममा नेकपा माओवादीका नेता हेमन्तप्रकाश वली (सुदर्शन) ले यो सम्झौता राष्ट्रघाती भएको भन्दै य खारेज गरी स्वदेशी लगानीमा नै निर्माण गर्नुपर्ने बताए । उनले राष्ट्रको हितभन्दा राष्ट्रघाती काम गर्नेहरुको सरकारमा बाहुल्यता रहेको उल्लेख गर्दै यस्ता नेताहरुलाई दण्डित गरिनुपर्नेमा जोड दिए। माथिल्लो कर्णाली लगायतका असमान सन्धी सम्झौता खारेज नभएसम्म आन्दोलन जारी रहने वलीको भनाई थियो ।

त्यस्तै नेकपा मसालका नेता भैरवराज रेग्मीले माथिल्लो कर्णाली जलविद्युत् परियोजना विदेशीलाई नभई स्वदेशी लगानीमा नै निर्माण गर्नुपर्ने आफूहरुको अडान कायम रहेको बताए। राष्ट्रघातविरुद्ध नेकपा (क्रान्तिकारी माओवादी), विप्लव नेतृत्वको नेकपा (माओवादी) र नेकपा मसालले संयुक्त कार्यक्रम घोषणा गरेका थिए । जनस्रोतमा भएका असमान सन्धी सम्झौताका विरुद्धमा काठमाडौं, सुर्खेत र संखुवासभामा बेग्लाबेग्लै कार्यक्रमको घोषणा गरिएको थियो ।

## अख्तियार प्रमुख ...

राष्ट्रपतिबाट गरिएको नियुक्ति र प्रधानन्यायाधीशबाट कार्कीलाई गराइएको प्रमुख आयुक्त पदको सपथ लगायत निजलाई नियुक्त गर्दाका सन्दर्भमा भएका काम कारबाहीहरु उत्प्रेषणको आदेशद्धारा बदर हुने ठहर्छ ।'

यसैगरी सर्वोच्च अदालतले अर्को व्यक्तिलाई अख्तियार प्रमुखमा नियुक्त गर्ने बाटो पनि खुला गरिदिएको छ । सर्वोच्चले अब योग्यता पुगेकालाई अख्तियार प्रमुखमा नियुक्त गर्न संवैधानिक परिषद् र राष्ट्रपति कार्यालयको नाममा परमादेशको आदेश दिएको हो।

यसैगरी सर्वोच्च अदालतको म्याद तामेलीमा अवरोध गरेको अभियोगमा भने कार्कीले सफाई पाएका छन्। अवरोधमा कार्की स्वयम्को उपस्थिति नदेखिएको भन्दै उनलाई सफाई दिएको हो।

कार्कीलाई अख्तियार प्रमुखबाट हटाउनका लागि व्यवस्थापिका संसदमा महाअभियोगको प्रस्ताव दर्ता भएर प्रक्रिया अघि बढेको थियो । कार्कीलाई पदबाट हटाउन एमाले र माओवादी केन्द्रका सांसदहरुले हस्ताक्षर गरी महाअभियोगको प्रस्ताव संसदमा पेश गरेका थिए।




**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं